



# त्रिशूली प्रवाह
साप्ताहिक





वर्ष २७ अंक २० १८ भदौ २०८३ (3 September, 2026) बिहीबार Website: www.trishuliprawaha.com.np पृष्ठ ६ मूल्य रु.१०/-

## त्रिशूली बाढी : राहत र उद्धारमा एकद्वार प्रणाली लागु

# दुई तुइन स्थापना र जोडी झोलुङ्गे पुल भदौभित्रै राखिने

❑ शरण उत्सुक


तस्विर - बाढीले बगर बनाएको ऐतिहासिक त्रिशूलीबजार

**विदुर ।** चीनको स्वशासित क्षेत्र तिब्बतबाट रसुवाको भोटेकोशी हुँदै त्रिशूली नदीमा यही भदौ १० गते आएको आकस्मिक बाढीका कारण आवागमन रोकिएकाले गल्छीदेखि वेत्रावतीसम्म तुइन र झोलुङ्गे पुल राखिने भएको छ । नदीको प्रवाह फराकिलो भएकाले लामो दूरीमा बेलिब्रिज राखिने सम्भावना भने न्यून रहेको अधिकारीहरूले जनाए पनि विभिन्न स्थानमा जडानका लागि सर्वेक्षण भने सुरु भएको जनाइएको छ।

सोअनुसार गल्छीदेखि वेत्रावतीसम्म तुइन ६ र झोलुङ्गे पुल चारवटा जडान हुने योजना छ। हाल सिम्मुटार-घुमाउने चौतारा तथा बट्टार गरी दुई ठाउँमा दुई तुइन जडान भइसकेको छ । नदी फराकिलो भएको, तर बढी दूरीको बेलिब्रिज वैदेशिक अनुदानमा प्राप्त नभएकाले सो स्थापना गर्ने सम्भावना नरहेको बताइएको छ। तुइन र झोलुङ्गे पुल उपयुक्त स्थानमा राख्न सर्वेक्षण भइरहेको छ। मानिसलाई वारपार गराउन इन्द्रेणी चौरबाट त्रिशूलीपारि तुइन जडान गरी औषधि र खाद्यान्न पठाउने कार्य भइसकेको छ । बुधबार मध्याह्नसम्म एक सयजना तुइनबाट वारपार गरेको जिल्ला प्रशासन कार्यालयले दिएको छ।

यसैबिच हालसम्म पाँच जिल्लाका १५ पालिकामा अकल्पनीय जनधनको क्षति भएको खबर प्राप्त भएका छन् । बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा र तनहुँका १५ पालिकाका ४९ वडा प्रभावित भएका छन् । गत हप्ता भोटेकोशी हुँदै त्रिशूलीमा मिसिएको बाढीले रसुवा, उत्तरगयाका वडा नं. १, २, ३, ४ र ५ सबै वडा, गोसाईंकुण्डका १, २, ३ र ५ आमाछोदिङ्मोको १, कालिकाको १, नुवाकोट जिल्ला, तारकेश्वरका २ र ४, किस्पाङको ५, विदुरका १, ४, ५, ९ र १०, बेलकोटगढीका ५, ७ र ८ वडालाई विपत् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेर खोज, राहत, उद्धारमा एकद्वार प्रणाली सुरु गरिएको छ। त्यसैगरी धादिङ जिल्ला, गल्छीका १, २, ४, ६ र ८, गजुरीका १, २, ५ र ६ बेनीघाट-रोराङका ३, ५, ७, ९ र १० तथा सिद्धलेकका ३, ४, ६ र ७, गोरखा जिल्ला, गण्डकीका १, २, ६, ७ र ८, तनहुँ जिल्ला, देवघाटका ४ र ५ एवम् आँबुखैरेनीका ४ र ५ वडा सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय नुवाकोटले मंगलबार गरेको पत्रकार सम्मेलनमा प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरेर शव सङ्कलनको जिम्मा नेपाल प्रहरीलाई, राहत वितरण सशस्त्र ... बाँकी ५ पेजमा

## मन्त्री र सांसदको लर्को होइन, चाहियो सरकारी उपस्थिति



❑ रामचन्द्र भट्ट


इतिहासमा कहिलेकाहीँ यस्ता पीडा आइपुग्छन् त्यसलाई सहनुको विकल्प मानिससँग अरू कुनै बाँकी हुँदैनन् । नबोलाएको र नचाहेका यस्ता अतिथिले मानव समाजलाई नै तहसनहस बनाएर कहिल्यै निको नहुने घाउ लगाएर जान्छन्।

वि.सं. २०७२ को भुइँचालोले थलिएको नुवाकोट ... बाँकी ५ पेजमा


## स्वास्थ्य सेवा सम्बन्धी जानकारी

| | |
|---|---|
| डा. प्रमिला थापा<br>NMC No : 29584<br>MBBS (Dhaka University)<br>जनरल फिजिसियन<br>प्रत्येक दिन | डा. कमल गौतम<br>NMC No : 9150<br>MBBS (KU), MD (TU)<br>मानसिक नसा तथा मनोरोग विशेषज्ञ<br>पहिलो शनिबार |
| डा. प्रभाकर पराजुली<br>NMC No : 18993<br>MD Orthepedic<br>वरिष्ठ हाडजोर्नी तथा नसारोग विशेषज्ञ<br>(पाटन अस्पताल)<br>दोश्रो शनिबार | डा. अजय शाह<br>NMC No : 21527<br>MD Internal Medicine<br>सुगर, प्रेसर, थाइराइड, दम, पेटरोग विशेषज्ञ<br>(केएमसी अस्पताल) |
| डा.सञ्जय सिंह के.सी.<br>NMC No : 10634<br>MD (Cardiologist)<br>मुटुरोग विशेषज्ञ<br>तेश्रो शनिबार | डा. सरोज सेढाई<br>वरिष्ठ छाला तथा यौनरोग विशेषज्ञ<br>MD (Dermatology & Venerology) |
| डा.चुनुमिला महर्जन<br>NMC No : 9886<br>प्रसुती तथा स्त्रीरोग विशेषज्ञ<br>बाँझोपनरोग विशेषज्ञ<br>चौथों शनिबार | डा. राजन गोबिन्द मुल्मी<br>NMC No : 14059<br>नाक,कान,घाँटीरोग विशेषज्ञ<br>(विर अस्पताल) |
| डा.विश्वनाथ अधिकारी<br>NMC No : 14224<br>बालरोग विशेषज्ञ<br>(कान्तीबाल अस्पताल)<br>चौथों शनिबार | सापकोटा पोलिक्लिनिक प्रा.लि.<br>सापकोटा मेडिकल हल<br>विदुर-२, बट्टार, नुवाकोट<br>सम्पर्क : ०१०-५६०१३९ |


## कृषि विकास बैंकको नगद, सुनचाँदी सुरक्षित
## बट्टारबाट सेवा सञ्चालनको तयारी




**विदुर ।** गत भदौ १० गते बुधबार चीनको स्वशासित क्षेत्र तिब्बत भएर बग्ने भोटेकोशी हुँदै त्रिशूलीमा मिसिएर आएको बाढीले नुवाकोटको विदुर- १ स्थित दुङ्गेमा रहेको कृषि विकास बैंक शाखामा क्षति पुगे पनि सुनचाँदी र नगद भने सुरक्षित रहेको छ । शाखा प्रबन्धक उपेन्द्र भट्टले दिएको जानकारीअनुसार लकर र भल्ट रहेको कोठा बाढीले नभत्काएकाले नगद र सुनचाँदी सुरक्षित रहेको छ। उक्त कोठा सुरक्षाकर्मीको सहयोगमा सोमबार फोरेर सुनचाँदी र नगद निकालिएको हो। निकाल्ने क्रममा केही नगद भिजेकोसमेत बैंकले जानकारी दिएको छ। बैंकको भवन नढले पनि तीनतले भवनको दुई तलामा बाढी पसेर क्षति पुऱ्याएको छ। बैंकको गाडी फिल्डमा जाने क्रममा विदुर- ७ सोलेबाट बाढीले उक्त दिन बगाएको थियो। बगाएको गाडी विदुर- ७ तुप्चेको अक्करेमा भेटिएकोसमेत बताइएको छ। बैंकको भवन आधा बाढीले क्षति गरे पनि भवन ढलेको छैन । नगद र सुनचाँदी लगभग फेला परेको, केही कागजपत्र भेटिएको शाखा प्रबन्धक भट्टले बताउनुभयो । बैंकको अस्थायी शाखा बट्टारमा यसै हप्ताभित्र सञ्चालन गर्ने गरी तयारी भइरहेको छ।

## बाढीबाट टिमुरेदेखि वेत्रावतीसम्म सत्यानाश
## रसुवागढी नाकाको भविष्य अन्योल

❑ ज्ञानेन्द्र न्यौपाने

- **चीनसँगको व्यापारिक सम्बन्धको महत्त्वपूर्ण आधार रसुवागढी नाका विनाशका चपेटामा,**
- **सीमा क्षेत्रका बस्ती, व्यापारिक केन्द्र र सरकारी संरचना तहसनहस**


तस्विर - बाढीले बगरमा परिणत रसुवा-नुवाकोटको सिमा स्थल ऐतिहासिक, धार्मिक क्षेत्र बेत्रावती

**धुन्चे ।** यही भदौ १० गते ल्हेन्देखोला हुँदै भोटेकोशीमा मिसिएको विनाशकारी बाढीले रसुवाको उत्तरी सीमा क्षेत्रदेखि दक्षिणी भेगको वेत्रावतीसम्म ठुलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको छ । चीनको स्वशासित क्षेत्र तिब्बततर्फको हिमताल फुटेर आएको भनिएको तीव्र बहाबको बाढीले रसुवागढी, घट्टेखोला, टिमुरे, स्याफ्रुबेँसी, पहिरेबेँसी, खाल्टे, कैदलटार हुँदै वेत्रावतीसम्म भोटेकोशी र त्रिशूली नदीआसपासका मानव बस्ती, सडक, पुल, सरकारी कार्यालय, सुरक्षा निकाय, व्यापारिक संरचना तथा निजी सम्पत्तिमा ठुलो क्षति पुऱ्याएको छ।

बाढीले केवल एउटा गाउँ वा एउटा नदीकिनारलाई मात्र प्रभावित पारेको छैन । नेपाल-चीनबिचको व्यापारिक सम्बन्धको महत्त्वपूर्ण प्रवेशद्वार रसुवागढी नाकादेखि दक्षिणतर्फको ठुलो भूभागमा रहेका बस्ती र पूर्वाधारलाई नै तहसनहस बनाएको छ । स्थानीयका अनुसार ल्हेन्देखोलाको वारिपारिदेखि टिमुरे, घट्टेखोला, स्याफ्रुबेँसी र त्यसपछि भोटेकोशी तथा त्रिशूली नदीको तटीय क्षेत्रमा बाढीले पुऱ्याएको क्षतिको दायरा विगतमा देखिएका प्राकृतिक विपत्तिभन्दा निकै ठुलो छ । जिल्ला प्रहरी कार्यालय रसुवाका प्रहरी प्रमुख अशोक थापाका अनुसार बाढीका कारण रसुवागढी, घट्टेखोला, टिमुरे, स्याफ्रुबेँसी, पहिरेबेँसी, खाल्टे, कैदलटार र वेत्रावतीलगायत क्षेत्रमा सडक तथा बस्तीसमेत व्यापक रूपमा बगेका छन्। नेपालतर्फ मात्रै ... बाँकी ५ पेजमा

## बाढीबाट बैङ्कका २६ कर्मचारी बेपत्ता, रू.५६ करोड क्षति
## कागजात गुमेपछि बैङ्किङ कारोबारमा सकस

❑ विष्णु तारुके

- **बैङ्कले कागजात नभए पनि हस्ताक्षर, बायोमेट्रिक प्रमाणीकरण जस्ता विधि अपनाएर भुक्तानी दिन सक्छ।**
- **पैसा राखिएका बैङ्कका अन्य शाखाबाट निश्चित प्रमाणीकरणको प्रक्रिया अपनाएर रकम निकाल्न सकिन्छ ।**

**काठमाडौँ ।** भोटेकोसी (त्रिशूली) मा भदौ १० गते आएको विध्वंसकारी बाढीले नदी तटीय क्षेत्रमा रहेका वाणिज्य बैङ्कका २६ कर्मचारी बेपत्ता भइरहेको नेपाल बैङ्कर्स सङ्घले जनाएको छ । बेपत्ता भएकामध्ये नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्कका सात, माछापुच्छ्रे बैङ्कका पाँच, प्रभु बैङ्क र एनएमबी बैङ्कका चार/चार, सानिमा र लक्ष्मी सनराइज बैङ्कका दुई/दुई तथा ग्लोबल आईएमई र हिमालयन बैङ् कका एक/एक कर्मचारी छन् ।

बैङ्कर्स सङ्घको प्रारम्भिक आँकडानुसार महाविपत्तिको प्रभावित क्षेत्रमा १२ वाणिज्य बैङ्कका १७ शाखा सञ्चालनमा थिए। कृषि विकास बैङ्क दुङ्गे, सिटिजन बैङ्क देवीघाट, ग्लोबल आइएमई बैङ्क टिमुरे, हिमालयन बैङ्क बेत्रावती र सानिमा तथा एनएमबी बैङ् कका शाखा टिमुरेमा सञ्चालनमा थिए। ती सबै शाखा पूर्ण रूपमा ध्वस्त भएका छन्। प्रभुको टिमुरे र स्याफ्रुबेँसी शाखामा पनि पूर्ण रूपमा क्षति भएको छ। नेपाल इन्भेस्टमेन्टको टिमुरे शाखामा आंशिक क्षति भए पनि मैलुङ एक्सटेन्सन काउन्टर पूरै र स्याफ्रुबेँसीको शाखा पूरै क्षति पुगेको छ। एनआइसी एसियाका पनि त्रिशूली, स्याफ्रुबेँसी र बेत्रावतीका शाखामा पूर्ण रूपमा क्षति पुगेको बैङ्कर्स सङ्घले बताएको छ। लक्ष्मी सनराइज, माछापुच्छ्रे र नबिल बैङ्कका टिमुरेस्थित शाखा पनि पूर्ण क्षति भएका छन्। क्षति भएका १७ मध्ये आठ शाखा टिमुरेमै थिए। शाखा तथा एक्टेन्सन काउन्टरमा गरी कुल एक सय १५ कर्मचारी कार्यरत रहेकामा २६ बेपत्ता तथा चार जना घाइते रहेको बैङ्कर्स सङ्घले जनाएको छ।

बैङ्कर्स सङ्घले विपत्तिबाट रू.५५ करोड ६८ लाख ७० हजार पाँच सय १७ क्षति भएको प्रारम्भिक आँकडा प्रस्तुत गरेको छ। यसबाहेक रू.१७ करोड २४ लाख ५७ हजार 'भल्ट' मा राखिएको नगद पनि छ। प्रभावित क्षेत्रमा नौ एटिएम बुथ रहेको र त्यसमा प्रकोप आउनुअघि रू.एक करोड १६ लाख ६३ हजार नगद थियो । यसमध्ये कृषि विकास बैङ्कको एटिएम क्षतिग्रस्त अवस्थामा उपलब्ध छ भने अरू एटिएम बुथ भेटिएको छैन। बैङ् कका यी शाखामा कुल ७८ हजार दुई सय चार निक्षेप खाता र दुई हजार एक सय २५ कर्जा खाता सक्रिय थिए। सोअनुसार रू.चार अर्ब ४३ करोड १८ लाखभन्दा बढी निक्षेप र रू.दुई अर्ब ४२ करोड ८० लाखभन्दा बढी ऋण प्रवाह गरिएको सङ्घले जनाएको छ।

बाढीले घरबारविहीन नागरिकले आफ्ना व्यक्तिगत कागजातसमेत गुमाएपछि बैङ्किङ कारोबार गर्न सकस परेको छ। नागरिकका व्यक्तिगत प्रमाणपत्र नाश भएपछि यस्तो सङ्कट देखिएको हो। कयौँ बैङ्कका शाखा नै बगाइदिएका कारण यो समस्या झन् ठुलो बनेको छ । बाढीका कारण व्यक्तिगत कागजात (चेक, मोबाइल समेत) गुमाएका व्यक्तिले बैङ्कमा मौज्दात रहेको रकम ... बाँकी ४ पेजमा

त्रिशूली प्रवाह साप्ताहिक

| | | |
|---|---|---|
| प्रकाशक/सम्पादक | : | **शरणउत्सुक सापकोटा** (९८५१००२९३८) |
| संस्थापक सम्पादक | : | **रामचन्द्र भट्ट** |
| कार्यकारी सम्पादक | : | **विष्णु तारुके** (९८५१०९९८००) |
| रसुवा संवाददाता | : | **जी. लेकाली** (०१०५४०२०५ /९८५१११६८३१) |
| | : | **सरस्वती न्यौपाने** (९८४३७६४७९५) |
| कानुनी सल्लाहकार | : | **अधिवक्ता देवराज कँडेल** |
| जनसम्पर्क | : | **शम्भुराम दाहाल** (९८४१९१५७२७) |
| फोटो पत्रकार | : | **सुनिल श्रेष्ठ** |
| काठमाडौं वितरक | : | **नारायण रिमाल** (९८४१०८८२२२) |
| कार्यालय | : | विदुर नगरपालिका-२, सञ्चारचोक, विदुर नुवाकोट |
| फोन/फ्याक्स | : | ०१०-५६०४१९ |
| Email | : | prawaha.weekly@gmail.com, utsuk.nkot@gmail.com |
| मुद्रण | : | **सुप्रिम प्रिन्टिङ प्रेस** |

## हाम्रा कुरा

# त्रिशूली बाढी र सभ्यता निरन्तरताको चुनौती

**त्रिशूली नदी फेरि उर्लिएर तटीय क्षेत्रमा जनधनको अकल्पनीय क्षति भएको छ । यही भदौ १० गते आएको भयङ्कर बाढीले त्रिशूलीकिनारका बस्ती, सडक, विद्यालय, खेतबारी, जलविद्युत्गृह, पुलपुलेसा र जनजीवनमा पुर्‍याएको क्षतिले एउटा गम्भीर प्रश्न उठाएको छ– हामी नदीसँगै बाँच्ने सभ्यता जोगाउँदै छौँ कि क्रमशः त्यही सभ्यतालाई जोखिममा धकेल्दै छौँ ?**

**त्रिशूली केवल पानीको बहाब नभई रसुवा, नुवाकोट, धादिङ, चितवन, गोरखालगायत भूभागको जीवन, इतिहास, व्यापार, संस्कृति र धार्मिक आस्थासँग जोडिएको नदी हो । यसका किनारमा विकसित भएका बस्ती र बजारहरू नदीसँगको सहअस्तित्वकै परिणाम हुन् । देवीघाटदेखि त्रिशूली–वेत्रावती बजारसम्मका अनेकौँ स्थानको सामाजिक र सांस्कृतिक स्मृतिमा त्रिशूली गहिरोसँग जोडिएको छ । यसपटकको बाढीले नदीको शक्ति मात्र देखाएको छैन, हाम्रो तयारीको कमजोरी पनि उजागर गरेको छ । असाधारण वर्षा र जलवायु परिवर्तनका कारण बढ्दो अतिवृष्टिको जोखिमसँगै नदीकिनारका अव्यवस्थित बसोबास, सडक तथा भौतिक संरचनाको निर्माण, वन विनाश, नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन र प्राकृतिक बहाब क्षेत्रमाथिको अतिक्रमणले जोखिम झन् बढाएको छ । बाढी आउँदा नदीलाई दोष दिन सजिलो हुन्छ । तर, यसले आफ्नो स्वाभाविक बाटो खोज्नु अपराध होइन । प्रश्न हामीतिर फर्किन्छ– के हामीले नदीको बहाब, जलाधार र भूगोललाई पर्याप्त सम्मान गरेका छौँ ? हालैको बाढीले त्रिशूलीकिनारमा बसोबास गर्ने समुदायलाई तत्कालीन राहत र पुनर्स्थापनापछि बस्ती निर्माणको ठूलो चुनौती दिएको छ । भत्किएका संरचना बनाउनु आवश्यक छ, तर पुरानै ढाँचामा पुनर्निर्माण गर्नु समाधान होइन । आज बगेको घर भोलि त्यही जोखिमयुक्त ठाउँमा फेरि बनाइयो भने अर्को बाढीले उही कथा नदोहोर्‍याउला भन्न सकिन्न ।**

**बाढीले केवल सडक, खेत र घर बगाउँदैन; यसले स्थानीय समाजको स्मृति र सांस्कृतिक सम्पदा पनि जोखिममा पार्छ । नदीकिनारका पुराना घाट, मन्दिर, धार्मिकस्थल, ऐतिहासिक बस्ती र पुस्तौँदेखि चलिआएका परम्परा विस्थापन भए भने त्यसको क्षतिपूर्ति पैसाले मात्र गर्न सकिँदैन । टिमुरे, स्याफ्रुबेंसी, मैलुङ, शान्तिबजार, तुप्चे, बेत्रावती, त्रिशूली, ढुङ्गे र देवीघाटबजार र तीमुनि धादिङका बस्ती पुनर्स्थापना गर्नु निकै चुनौतीपूर्ण हुनेछ । सोही ठाउँमा अझ व्यवस्थित ढङ्गले बस्ती बसाल्ने कि अन्य सुरक्षित ठाउँमा जाने भन्ने निर्णय गर्नु पनि त्यत्तिकै कठिन छ । त्यससँगै त्यहाँको संस्कृति, चाडपर्व, रहनसहन, रीतिथिति, जात्रामात्रा, भजनकीर्तनलाई कसरी निरन्तरता दिने भन्ने सोच पनि त्यत्तिकै आवश्यक छ । सबै छरिएर बस्न थालेमा त्यत्रो सभ्यता नष्ट हुने खतरा छ । त्यसैले त्रिशूलीको संरक्षणलाई केवल तटबन्ध, ढलान र कङ्क्रिटको परियोजनाका रूपमा मात्र हेर्नुहुँदैन । यसको सम्पूर्ण जलाधारलाई एउटै प्राकृतिक प्रणालीका रूपमा बुझेर दीर्घकालीन योजना आवश्यक छ । नदीको प्राकृतिक बहाब क्षेत्र पहिचान गरी जोखिमयुक्त क्षेत्रमा नयाँ बस्ती र संरचना निर्माण नियन्त्रण गर्नुपर्छ । बाढीको पूर्वसूचना प्रणालीलाई स्थानीय तहसम्म प्रभावकारी बनाउनुपर्छ । नदीजन्य पदार्थको उत्खननलाई वैज्ञानिक अध्ययन र स्पष्ट मापदण्डमा बाँध्नुपर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, स्थानीय समुदायलाई योजनाको केन्द्रमा राख्नुपर्छ । त्रिशूलीसँग पुस्तौँदेखि बाँचिरहेका मानिसलाई नदीको स्वभावबारे राज्यका धेरै कागजी अध्ययनभन्दा बढी व्यावहारिक ज्ञान हुन सक्छ । उनीहरूको अनुभव, परम्परागत ज्ञान र आधुनिक विज्ञानलाई जोडेर विपत् व्यवस्थापनको नयाँ नमुना बनाउन सकिन्छ ।**

**हालैको भयङ्कर बाढीलाई केवल एउटा प्राकृतिक विपत्का रूपमा बिर्सनुहुँदैन । यसलाई चेतावनीका रूपमा लिनुपर्छ । हुन त हिमालबाट सिर्जित नदीले हामीलाई पटक-पटक चेतावनी र खतराको घन्टी बजाइरहेकै थियो, तर त्यसलाई हामीले बिर्स्यौं । वि.सं. २०१९ भदौ ५ गते नै ठूलो बाढी आई त्रिशूलीको पुरानो पुल भए ठाउँको झोलुङ्गे पुल बगाएर त्यसको एक भाग नजिकैको सुगतपुर बिहारमा गएर अड्केको त्रिशूलीबजारवासीले थाहा भएकै कुरा थियो । अब पनि बाढी रोक्न सकिँदैन, तर यसलाई विपत्तिमा परिणत हुनबाट रोक्न सकिन्छ । त्यसका लागि विकासको वर्तमान शैलीमाथि पुनर्विचार गर्नैपर्छ । त्रिशूलीलाई बचाउनु भनेको एउटा नदी बचाउनु मात्र होइन । यससँग जोडिएको जीवन, इतिहास, संस्कृति, बजार, बस्ती र सामूहिक स्मृतिलाई बचाउनु हो । आज हामीले गरेको निर्णयले भोलि त्रिशूलीकिनारमा सभ्यता निरन्तर रहन्छ कि विस्थापित हुन्छ भन्ने निर्धारण गर्नेछ । हालैको बाढीले ढोका ढकढक्याइसकेको छ । अब पनि नसुन्ने हो भने अर्को बाढीले केवल संरचना होइन, हाम्रो लापरबाहीको मूल्य पनि बगाउनेछ । त्रिशूलीलाई प्रकृतिको बाधा होइन, सभ्यताको आधार मानेर विकास गर्नुपर्ने समय आएको छ । वैज्ञानिक हिसाबले बस्ती निर्माण गर्ने कुरा इन्जिनियर, भूगोल र भूगर्भविद्, जलस्रोतविद्, संस्कृतिविद्, स्थानीय विकासविद्, सहरी बस्तीविज्ञको सामूहिक छलफल र निर्णयले मात्र आगामी कदमको निक्र्योल गर्नेछ ।**

# पढ्ने बानी : सुखी जीवनको आधार

विचार

देवराज सिम्खडा



सन्दर्भ : विश्व शिक्षा तथा साक्षरता दिवस (भदौ २३ गते)

प्रकृति नै विशाल पुस्तक हो, जसलाई जसले जहिले जसरी पनि पढ्न सक्छ । जसले जे आवश्यक ठान्दछ त्यही प्राप्त गर्दछ । पढाइ अध्ययन, प्रयोग र परीक्षणबाट ज्ञान प्राप्त गर्न सकिन्छ । पृथ्वीमा प्राणीले आवश्यकताअनुसार सूचना, ज्ञान, सिप, अनुभव र आनन्द आदान-प्रदान गरिरहेका छन् । उनीहरूले यसरी नै जीवन जिउने कला सिकिरहेका हुन्छन् । सन्ततिलाई पनि जातीय मूल्य र मान्यता सिकाइरहेका हुन्छन् । नयाँ पुस्ता सिक्दै हुर्किन्छन् । यसैगरी पुस्तापुस्तामा सर्दै गइरहन्छ । अनि मात्र उनीहरूको अस्तित्व र वंशीय, जातीय परम्परा बाँचिरहन्छ । प्रकृतिमा पारिस्थितिक प्रणाली टिकिरहन सक्छ ।

जुनसुकै युगमा जीवजन्तु समय र परिस्थितिअनुसार चल्थे, बोल्थे, खान्थे र चुनौतीको सामना गर्न बल र बुद्धि वृद्धि गर्थे । यसरी बदलिन नसक्ने आफ्नो अस्तित्व जोगाउन असफल भए । यो रीति मानिसको लागि लागू थियो र अद्यापि छँदै छ । यो स्वाभाविक हो, अबको मानिस किताब पढेर मात्र सन्तुष्ट हुन नसक्ला । हाम्रा इच्छा, आकाङ्क्षा र स्वभावमा व्यापक फेरबदल आइरहेको छ । सिर्जनात्मक क्षमता र पठनसंस्कृति ओह्रालो लागिरहेको छ । यसले गरिबीको रेखा उकालो चढिरहेको छ । सबै बुढ्यौली उमेरका नागरिकलाई शारीरिक, मानसिक तथा भावनात्मक रूपमा सहज बनाउन परिवार, सामाजिक सङ्घसंस्था, स्थानीय तह र प्रदेश र सङ्घीय सरकारले जिम्मेवारी लिनुपर्दछ । यसका लागि बस्तीबस्तीमा पुस्तकालय, व्यायामशाला, योग-ध्यानकक्षसहितका बुढ्यौली मिलन केन्द्रको सञ्चालन अनिवार्य भइसकेको छ । मानव विकास र सेवा जनउत्तरदायी संस्थाको पहिलो कर्तव्य हो भन्ने कुरा तत्तत् निकायले हृदयदेखि नै महसुस गर्नुपर्छ । हामी डिजिटल प्लाटफर्ममा सूचना प्रविधिको राजमार्गतिर आकर्षित भइरहेका छौं । यसको प्रत्यक्ष असर पारिवारिक सञ्जाल र सामाजिक सञ्जालमा परेको छ । परिवारभन्दा सामाजिक सञ्जालमा जोडिएका थरीथरीका मित्रको जालमा पर्न थालेका छौं । यसबाट पठन संस्कृतिमाथि आक्रमण भइरहेको छ ।

पछिल्ला अध्ययन प्रतिवेदनअनुसार विश्वमा १८ वर्षमाथिका नागरिकले हप्तामा पढाइमा खर्च गर्ने औसत समय यस्तो पाइएको छ : भारत-१० घण्टा ४२ मिनेट, थाइल्यान्ड- ९ घण्टा २४ मिनेट, चीन- ८ घण्टा, रसिया- ७ घण्टा ६ मिनेट, स्वीडेन र फ्रान्स- ६ घण्टा ५४ मिनेट, जर्मनी- ५ घण्टा ४२ मिनेट, जापान- ४ घण्टा ६ मिनेट र दक्षिण कोरिया- ३ घण्टा ६ मिनेट रहेको छ । यसैगरी सन् २०२५ को अन्त्यतिर १६ वर्षमाथिका वर्षभरीमा कम्तीमा एक पुस्तक पढ्ने जनसङ्ख्या उच्च भएका देशको नाम र अवस्था यसप्रकार छ- स्विट्जरल्यान्ड- ८१ प्रतिशत, लक्जेम्बर्ग- ७७.५ प्रतिशत, डेनमार्क- ७४.६ प्रतिशत, स्वीडेन, नर्वे र फिनल्यान्ड- ७० प्रतिशत छ । एक अध्ययनले युरोपमा पुरुषभन्दा महिला पठनशील देखाएका छन् जसमा महिला ६०.५ प्रतिशत र पुरुष ४४.५ प्रतिशत र नवयुवा (१६-२९ वर्ष) को पठनदर ६१.१ प्रतिशत देखाएको छ । नेपालमा साक्षरता दर ७७.४ प्रतिशत पुगेको छ जसमध्ये पुरुष ८५.८ प्रतिशत र महिला ७१.२ प्रतिशत साक्षर छन् । साक्षरता दर बढेसँगै पढ्ने बानीमा सुधार भएको मान्नुपर्छ । पछिल्लो एक अध्ययनअनुसार नवयुवाले कक्षागत पाठ्यपुस्तकबाहेक वर्षको औसतमा दुई पुस्तक पढ्ने गरेको र देशका ६५ प्रतिशत युवाले वर्षमा कम्तीमा एउटा पुस्तक पढ्ने गरेको देखिन्छ । सन् २०२१ को सर्वेक्षणअनुसार २७ प्रतिशत युवा आनन्दको लागि पुस्तक पढ्छन् र ३० प्रतिशत ई-बुक पढ्ने गर्छन् । सन् २०२३ को एक अध्ययनले देशका २० प्रतिशत सामुदायिक विद्यालयमा पुस्तकालय रहेको देखाएको छ । संस्थागत विद्यालयमा पनि उल्लेख्य रूपमा पुस्तकालय छन् । अब, सवाल पुस्तकालयको मात्र होइन, प्रयोगको हो, पठन संस्कृतिको हो । चासो पढ्ने बानीलाई कसरी प्रवर्द्धन गर्ने भन्ने हो, फुर्सदको उपयोग र आनन्दको हो । पठन संस्कारले दिमागलाई उज्यालो र फराकिलो बनाउँछ । अमेरिकाको जर्जियामा अवस्थित एमोरी विश्वविद्यालयको सन् २०१३ को एक अध्ययनले पुस्तक पढिरहेका पाठकको एमआरआई स्क्यान गर्‍यो । पत्ता लाग्यो कि पाठक कथामा जति गहिरिन्छन्, त्यति उनीहरूको दिमागका धेरै क्षेत्र सक्रिय हुन्छन् । अझ आश्चर्यजनक कुरा, सहभागीले पुस्तक पढिसकेपछि पनि धेरै दिनसम्म यो स्थिति कायम रह्यो । अतः हामी जति धेरै पढ्छौं, गतिविधिका यी सञ्जाल त्यति नै बलिया हुँदै जान्छन् ।

सन् २००९ मा बेलायतको ससेक्स विश्वविद्यालयले गरेको एक अध्ययनअनुसार पढ्नाले हाम्रो मानसिक तनावको स्तर ६८ प्रतिशतसम्म घटाउँछ । पढाइमा डुबेको ६ मिनेटमा मुटुको धड्कन सुस्त हुन्छ, रक्तचाप कम हुन्छ र मांसपेशी आराम गर्न थाल्छन् । पढ्नु दीर्घकालीन सुख, शान्ति र आनन्दको लागि हो । यस डिजिटल युगमा यो विश्वास गर्न सकिन्छ कि हामीले युटुबका भिडियोबाट मात्र उपयोगी जानकारी प्राप्त गर्न सक्छौं । तर, अमेरिकी लेखक र चित्रकार टोमी डेपाओलाले भनेझैं 'पढ्नु महत्त्वपूर्ण छ किनभने यदि तपाईं पढ्न सक्नुहुन्छ भने, तपाईं सबै कुराको बारेमा केही न केही सिक्न सक्नुहुन्छ । युटुबका भिडियोले तपाईंलाई विषय बुझ्न मद्दत गर्न सक्छ, तर छोटा भिडियोले विषयवस्तुको गहिराइमा पुर्‍याउँदैन ।' पढाइले मानिसलाई कल्पनाशक्ति विस्तार गर्न मद्दत गर्छ । पढ्दै जाँदा हाम्रो दिमागको ओसिपिटल लोब सक्रिय हुन्छ र मस्तिष्कको क्षेत्र दृश्य जानकारी प्रशोधन गर्न तयार हुन्छ । विशेषगरी कथा पढ्दा यो प्रभावकारी हुन्छ, किनकि लेखकले वर्णन गरेको संसार र पात्रको कल्पना गर्नाले हामीले पढिरहेको कुरा कल्पना गर्न मद्दत गर्छ । हामी आफूले बुझिरहेको अमूर्त धारणालाई आफ्नो दिमागमा मूर्त बनाउन सक्छौं । हामी जति धेरै पढन्ते बन्छौं, सिर्जनशीलता त्यति नै फराकिलो र सजिलो हुन्छ । आफ्नो जीवनका अन्य क्षेत्रमा पनि रचनात्मक दृश्यावली भर्न थाल्नेछौं । यसको अतिरिक्त दिमागको ओसिपिटल लोबमा निर्णय लिने जिम्मेवारी रहेको हुन्छ, जसको अर्थ हुन्छ हाम्रो मस्तिष्कको यस क्षेत्रलाई धेरै व्यायाम आवश्यक पर्छ । यसबाट निर्णय लिने क्षमता त्यति नै राम्रोसित बढ्दछ ।

विभिन्न अध्ययनले देखाएका छन् कि पढाइले हाम्रो दिमागलाई निरन्तर सक्रिय गराएर स्मरणशक्तिमा सुधार ल्याउँछ । हामी पुस्तकका प्रकारमा निर्भर हुँदै जानकारी रेखा ट्र्याक गर्दा आफ्नो छोटो अवधिमा दीर्घकालीन स्मरणलाई सक्रिय राख्दै आफ्नो सम्झनाको आधारमा काम गर्छौं । यो एपिसोडिक मेमोरी हो । तर, पढाइले काम गर्ने मेमोरीलाई पनि बलियो बनाउँछ, जुन विभिन्न कार्यमा काम गर्दा मस्तिष्कमा जानकारी राख्ने क्षमता बढाउँछ । यी दुवै प्रकारका स्मरणशक्ति हाम्रो उमेर बढ्दै जाँदा घट्छन् । अध्ययनले देखाएको छ कि वृद्ध बिरामीमा आठ हप्तासम्म हरेक दिन पढ्नले एपिसोडिक काम गर्ने मेमोरी दुवैमा उल्लेखनीय सुधार भएको देखाएको छ । भाषा बुझ्नु भनेको सही शब्द छनोट गर्नु मात्र होइन । अक्सफोर्ड इङ्लिस डिक्स्नरीका अनुसार अङ्ग्रेजी भाषामा एक लाख ७१ हजार चार सय ७६ शब्द छन् । बृहत् नेपाली शब्दकोशलाई आधार मान्दा नेपाली भाषामा करिब ६० हजार शब्द रहेका छन् । कुनै पनि भाषाका शब्दलाई प्रभावकारी रूपमा सञ्चार गर्न कठिन छ । कुनै पनि परिस्थितिमा सही शब्द कसरी प्रयोग गर्ने भनेर जान्न जरुरी मानिन्छ । पढ्दा हामीलाई अर्थ थाह नभएका शब्द भेट्छौं । हामी ती शब्दलाई कसरी प्रयोग गर्ने भन्ने सन्दर्भ जान्न पनि पढ्नुपर्छ । पढाइले हामीलाई शब्द कण्ठ गर्ने प्रयास गर्नुभन्दा छिटो सिक्न मद्दत गर्छ किनभने यसले पाठकलाई केवल कडा परिभाषा मात्र होइन, शब्द कसरी प्रयोग गर्ने भन्ने उदाहरणसहित ज्ञान दिन्छ ।

अमेरिकन स्पिचल्याङ्ग्वेज हियरिङ एसोसिएसनको सन् २०१५ को एक कार्यक्रमले किन्डरगार्डनदेखि कक्षा दशसम्मका विद्यार्थीको शब्दावली स्तरको अध्ययन गर्‍यो । उनीहरूले पत्ता लगाए कि औसतभन्दा माथिका पाठकको शब्दावली वृद्धिदर चौथो कक्षा र दशौं कक्षाको बिचमा उल्लेखनीय रूपमा उच्च थियो । सेन्टर फर लङ्गिटुडिनल स्टडिजका अनुसन्धानकर्ताले पत्ता लगाए कि आफ्नो खाली समयमा आनन्दका लागि पढ्ने किशोरकिशोरीले नपढ्ने साथीको तुलनामा २६ प्रतिशत बढी शब्द जान्दछन् । हामी जति धेरै पढ्छौं, त्यति नै धेरै भाषाको सम्पर्कमा आउछौं । एकपटकमा एउटा पुस्तकमा हाम्रो शब्दावली बढाउँदै लैजान्छौं । अझ राम्रो जति धेरै शब्द पढ्दछौं त्यति नै छिटो र धेरै नयाँ शब्द सिकिराखेका हुन्छौं । प्रत्येक पुस्तक शब्द छनोट र लेखन विधिको सङ्कलन हो । तिनीहरू इशारा, शारीरिक भाषा र संवादमार्फत विचार र भावना कसरी सञ्चार गर्ने भन्ने उदाहरण हुन् । लेख्ने क्षमता मस्तिष्कको प्यारिएटल लोबमा अवस्थित हुन्छ, जुन पढ्दा सक्रिय हुन्छ ।

मस्तिष्कले पढिने पुस्तकको भाषिक शैली भण्डारण गर्दछ जसले हामीलाई लिखित र मौखिक दुवैको स्पष्ट रूपमा सञ्चार गर्ने क्षमता बलियो बनाउन मद्दत गर्दछ । यसले फरक दृष्टिकोण पनि दिन्छ । अरू कसैको दृष्टिकोणबाट वस्तु र परिस्थितिलाई हेर्ने र बुझ्ने क्षमता प्राप्त हुन्छ । हामी पुस्तकमा नयाँ विचार भेट्छौं र संसारलाई हेर्ने नयाँ तरिका प्राप्त गर्न सक्छौं, यसले हामीलाई आफ्ना वरपरका मानिससँग अझ प्रभावकारी ढङ्गले अन्तरक्रिया गर्न मद्दत पुर्‍याउँछ । पढाइ एउटा यस्तो बानी हो जसले तनाव कम गरेर, मानसिक स्वास्थ्य बढाएर, नयाँ स्नायु मार्ग विकास गरेर, सहानुभूति सिक्न मद्दत गरेर, सञ्चार गर्ने क्षमतामा सुधार गरेर र पाठकलाई स्वस्थ मनोरञ्जन प्रदान गरेर उसको आयु बढाउन सक्छ । डिजिटल संसारमा धेरै नयाँ शोख हुन सक्छन्, तर पढ्नु आयु बढाउने केही बानीमध्ये उत्तम हो । दिनको पन्ध्रदेखि तीस मिनेटमा, हामी यी सबै अद्भुत मस्तिष्क लाभको सुखानुभूति गर्न सक्छौं र हाम्रा असीमित जीवनलाई निरन्तर पढ्ने बाटोमा लम्काउन सक्छौं । यसैबाट हामी सुखी, खुसी र दीर्घजीवी बन्न सक्छौं । अतः घरघरमा असल र उपयोगी पुस्तकको सङ्ग्रह गरौं, पढ्ने बानीलाई बढावा दिऔं ।

# 'म'बाट निर्माण थालौं

दृष्टिकोण

शिवराम ढकाल



'म' भन्नाले यहाँ लेखक मात्र होइन । 'म' भनेको किसान, शिक्षक, बैंकका कर्मचारी, व्यवसायी, विद्यार्थी, मजदुर, सरकारी कर्मचारी, गृहिणी, युवा, अभिभावक, सामाजिक अभियन्ता, राजनीतिक कार्यकर्ता, मतदाता हो । 'म' भनेको हरेक नेपाली नागरिक हो । किनकि राज्य कुनै टाढाको अदृश्य शक्ति होइन । राज्य हामी सबैको साझा रूप हो । म बनेपछि हामी बन्छौं । हामी बनेपछि संस्था बन्छ । संस्था बलियो भएपछि राज्य बलियो हुन्छ । राज्य बलियो भएपछि मात्र नागरिकको भविष्य सुरक्षित हुन्छ । इतिहासले हामीलाई के सिकायो ? नेपालको राजनीतिक इतिहासलाई हेर्दा परिवर्तनको कथा लामो छ । तर, परिवर्तनको परिणाम र परिवर्तनको संस्कारबिच अझै ठुलो अन्तर देखिन्छ ।

नेपालीले निरङ्कुश राणाशासन भोग्यो त्यसपछि वि.सं. २००७ को राजनीतिक परिवर्तन आयो, प्रजातन्त्रको आशा जाग्यो, तर लोकतान्त्रिक संस्था बलियो बन्न नपाउँदै वि.सं. २०१७ मा राजनीतिक व्यवस्था फेरियो र पञ्चायती व्यवस्था स्थापित भयो । वि.सं. २०४६ को जनआन्दोलनले बहुदलीय प्रजातन्त्र पुनर्स्थापित गर्‍यो, त्यसपछि पनि हामीले राजनीतिक अस्थिरता, सरकार परिवर्तन र सत्ताको सङ्घर्षमा लामै शृङ्खला देख्यौं, भोग्यौं । वि.सं. २०५२ देखि सुरु भएको सशस्त्र द्वन्द्वले हजारौं परिवारलाई विस्थापित गरायो, पीडामा पार्‍यो । द्वन्द्व देशभर फैलियो, पूर्वाधार ध्वस्त भए, सामाजिक सम्बन्धमा विभाजन आयो, राज्य र नागरिकबिचको सम्बन्धमा अविश्वास बढ्यो, जसका कारण वि.सं. २०६२/०६३ को जनआन्दोलन भयो । सो आन्दोलनले राजनीतिक परिवर्तन ल्यायो, राजतन्त्रको अन्त्य गर्‍यो, देशमा शान्ति प्रक्रिया सुरु भयो । त्यसपछि संविधानसभाको निर्वाचन भयो, अन्ततः दोस्रो संविधानसभाको निर्वाचनपछिको संसद्ले वि.सं. २०७२ मा नयाँ संविधान जारी गर्‍यो । सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, मौलिक अधिकार र स्थानीय सरकारसहितको नयाँ राजनीतिक संरचना संस्थागत भयो । व्यवस्था बदलियो, तर हाम्रो राजनीतिक संस्कार र अवस्था कति बदलियो ? राजतन्त्र हटायौं, तर व्यक्तिपूजाको संस्कार हटायौं कि हटाएनौं ? सङ्घीयता ल्यायौं, तर केन्द्रबाट स्थानीय तहसम्म स्रोत, अधिकार र जवाफदेहिता पुर्‍याउने संस्कार विकास गर्‍यौं कि गरेनौं ? लोकतन्त्र प्राप्त गर्‍यौं, तर लोकतन्त्रलाई चुनावभन्दा बाहिर बुझ्न सक्यौं कि सकेनौं ? अधिकारको कुरा धेरै गर्‍यौं, तर कर्तव्य कति गर्‍यौं ? यी यावत् प्रश्नको उत्तर आज म भन्नेले खोज्नुपर्छ ।

राजनीतिक परिवर्तन धेरै गर्‍यौं, तर उत्तरदायी संस्थागत संस्कार निर्माण गर्न सकेनौं । इतिहासलाई दोष दियौं, तर इतिहासबाट सिकेनौं । हरेक राजनीतिक परिवर्तनपछि नयाँ आशा जन्मायौं, तर सही नेतृत्व चयन गर्न सकेनौं जसले गर्दा आज जताततै निराशै-निराशा गर्ने मात्र भेट्छौं । परिवर्तन सधैं अरूले गरिदिनुपर्ने हो ? हाम्रो समाजमा एउटा गहिरो मनोविज्ञान विकास भएको छ, परिवर्तन अरूले गरिदिनुपर्छ, सरकारले गरिदियोस्, नेताले गरिदियोस्, विदेशीले गरिदियोस्, विदेशमा रहेका नेपालीले पैसा पठाइदिऊन्, कुनै दाता आएर गाउँ बनाइदियोस्, कुनै शक्तिशाली नेता आएर भ्रष्टाचार अन्त्य गरिदियोस्, कुनै प्रधानमन्त्री आएर सबै कुरा बदलिदियोस्, कुनै नयाँ पुस्ता आएर देश बनाइदियोस् । हामी चाहन्छौं- अरूले परिवर्तन गरून्, हामी परिणाम उपभोग गरौं । यो मानसिकता लोकतन्त्रका लागि खतरनाक छ किनकि लोकतन्त्रमा नागरिक दर्शक होइन, नागरिक सहभागी हो, सरकारले सडक बनाउन सक्छ, तर सडकमा फोहोर नफाल्ने संस्कार नागरिकले बनाउनुपर्छ, सरकारले विद्यालय बनाउन सक्छ, तर विद्यालयमा नियमित पढाउने, पढ्ने संरक्षण गर्ने जिम्मा समुदायको हो । त्यस्तै, सरकारले अस्पताल बनाउन सक्छ । तर, स्वास्थ्य संस्थालाई जवाफदेही बनाउने काम नागरिकको हो ।

सरकारले बनाएको कृषिनीति सफल हुन सरकार र नागरिकको साझेदारी जरुरी हुन्छ । सरकारले रोजगारीको वातावरण बनाउन सक्छ, तर सिप सिक्ने, जोखिम लिने, उद्यम गर्ने र उत्पादन गर्ने संस्कार समाजबाटै आउनुपर्छ । राज्यले अवसर दिन सक्छ, अवसरलाई परिणाममा बदल्ने जिम्मेवारी नागरिकको हो । हामी माग्ने जनता मात्र बन्ने कि सहभागी नागरिक ? हामीलाई सडक चाहिन्छ, पानी चाहिन्छ, बिजुली चाहिन्छ, रोजगारी चाहिन्छ, राम्रो विद्यालय चाहिन्छ, अस्पताल चाहिन्छ, सस्तो ऋण चाहिन्छ, सुरक्षित समाज चाहिन्छ, सुशासन चाहिन्छ, यी सबै माग जायज हुन्छ, त्यो समस्या समाधान गर्न म के गर्न सक्छु ? मेरो वडाको बजेट कसरी बनिरहेको छ, मैले बुझ्ने प्रयास गरेको छु ? मेरो स्थानीय तहले कुन क्षेत्रमा कति खर्च गर्दै छ, मैले जानकारी लिएको छु ? सार्वजनिक सुनुवाइमा म गएको छु ? विद्यालयको सामाजिक परीक्षणमा सहभागी भएको छु ? स्वास्थ्य संस्थाको सेवाबारे प्रश्न गरेको छु ? सार्वजनिक स्रोतको दुरुपयोग देख्दा आवाज उठाएको छु ? सूचनाको अधिकार प्रयोग गरेको छु ? मेरो बिक्रीअनुसार नाफा देखाएर कर तिरेको छु ? सार्वजनिक सम्पत्तिलाई आफ्नै सम्पत्तिजस्तो संरक्षण गरेको छु ? कानुन मलाई मन नपरे पनि पालना गरेको छु ? मेरो राजनीतिक दलले गलत काम गर्दा मैले विरोध गरेको छु ? मेरो नजिकको मानिसले भ्रष्टाचार गर्दा मैले 'आफ्नो मान्छे' भनेर बचाएको त छैन ? यही प्रश्नबाट नागरिकपन सुरु हुन्छ । लोकतन्त्र भनेको पाँच वर्षमा एकपटक मतदान गर्ने व्यवस्था मात्र होइन, मतदानले सरकार बनाउँछ; निरन्तर नागरिक सहभागिताले सरकारलाई उत्तरदायी बनाउँछ ।

हाम्रो राजनीतिक इतिहासमा जनता कहाँ छन् ? नेपालको राजनीतिक इतिहासलाई केवल राजा, प्रधानमन्त्री र राजनीतिक दलको इतिहासका रूपमा हेर्नु अधुरो हुन्छ । त्यो किसानको इतिहास पनि हो, त्यो मजदुरको इतिहास हो । त्यो विद्यार्थीको इतिहास हो, त्यो महिलाको इतिहास हो । त्यो पहाडबाट तराईसम्म र गाउँबाट सहरसम्म फैलिएको सामान्य नेपालीको इतिहास हो, वि.सं. २००७ को परिवर्तनमा जनता थिए, २०४६ को आन्दोलनमा जनता थिए, २०६२/०६३ मा जनता सडकमा थिए, शान्ति प्रक्रियाको पीडा जनताले भोगे, संविधान निर्माणको आशा जनताले गरे । सङ्घीयताको अपेक्षा जनताले गरे, हरेक निर्वाचनमा मतदाता नै निर्णायक बने, तर विडम्बना के छ भने परिवर्तनको समयमा जनता शक्तिशाली हुन्छन्; परिवर्तनपछि फेरी जनता दर्शक बन्न थाल्छन्, यो चक्र तोड्नुपर्छ, राजनीतिक परिवर्तनको मालिक जनता हुन् भने राजनीतिक परिणामको निगरानीकर्ता पनि जनता हुनुपर्छ, दल बदलिन्छन्, अनुहार बदलिन्छन्, तर संस्कार बदलिन्छ, हामीले धेरै राजनीतिक दल देख्यौं । धेरै विचारधारा देख्यौं, धेरै घोषणापत्र पढ्यौं, धेरै नारा सुन्यौं । कहिले समाजवादको नाममा राजनीति भयो, कहिले राष्ट्रवादको नाममा, कहिले लोकतन्त्रको नाममा, कहिले गणतन्त्रको नाममा, कहिले विकासको नाममा, कहिले सुशासनको नाममा, कहिले भ्रष्टाचारविरोधी अभियानको नाममा, कहिले नयाँ पुस्ताको नाममा, हरेकपटक जनताले आशा गरे, तर समस्या त्यहीं छ हामीले नेतृत्व बदल्ने प्रयास धेरै गर्‍यौं; नेतृत्वलाई जन्माउने सामाजिक संस्कार बदल्ने प्रयास कति गर्‍यौं ? यदि राजनीतिक दलभित्र आलोचना गर्ने व्यक्ति शत्रु हुन्छ भने समस्या दलमा मात्र छैन, हाम्रो संस्कारमा पनि छ, यदि आफ्नो दलले गरेको गलत कामलाई पनि सही ठान्छौं भने समस्या नेतामा मात्र छैन, हामीमा पनि छ । यदि अर्को दलको राम्रो काम स्वीकार गर्न सक्दैनौं भने समस्या राजनीतिक नेतृत्वमा मात्र छैन, हाम्रो मानसिकतामा पनि छ, यदि भ्रष्टाचार आफ्नो मान्छेले गर्दा 'व्यवहार' र अरूले 'अपराध' हुन्छ भने हामीले नै भ्रष्ट राजनीतिक संस्कारलाई साथ दिइरहेका छौं ।

**आत्मकेन्द्रित राजनीतिक दल र नागरिक**

राजनीतिक दलको पहिलो दायित्व देश र जनताको हित हुनुपर्ने हो । तर, जब दल स्वयम्लाई केन्द्रमा राख्न थाल्छ तब देशभन्दा दल ठुलो हुन्छ । नीतिभन्दा सत्ता ठुलो हुन्छ । संस्थाभन्दा व्यक्ति ठुलो हुन्छ । विचारभन्दा गुट ठुलो हुन्छ । राष्ट्रभन्दा चुनाव ठुलो हुन्छ । त्यसपछि राजनीति सार्वजनिक सेवाको माध्यम होइन, शक्ति प्राप्तिको साधन बन्न सक्छ, तर यहाँ अर्को कठोर सत्य पनि स्वीकार गर्नुपर्छ, आत्मकेन्द्रित राजनीतिक दल मात्र आत्मकेन्द्रित हुँदैनन्; आत्मकेन्द्रित समाजले पनि आत्मकेन्द्रित राजनीति जन्माउँछ । हामीलाई आफ्नो छोराले जागिर पाओस्, आफ्नो मान्छेले ठेक्का पाओस्, आफ्नो आफन्तले सुविधा पाओस्, आफ्नो दलको मान्छेले पद पाओस्, आफ्नो गाउँमा योजना आओस्, आफ्नो समूहले बजेट पाओस्, तर अर्को गाउँ, अर्को जात, अर्को क्षेत्र, अर्को दल, अर्को समुदायले पनि समान अधिकार पाउनुपर्छ भन्ने सोच कमजोर देखिन्छ । यसरी 'मेरो'बाट 'हाम्रो' बन्नुपर्ने समाज 'मेरो'मै अड्किन्छ, हामीले समृद्धि पनि मागेरै पाउने हो ?

हाम्रो अर्को ठुलो विरोधाभास हो- समृद्धि चाहन्छौं, तर समृद्धि निर्माण गर्ने संस्कार चाहँदैनौं, विकसित देशका सडक, सार्वजनिक यातायात, अस्पताल, विद्यालय, प्रविधि, सरकारी सेवा, सफा सहर, उच्च आय हेर्छौं, परिणामका पछाडि रहेको इतिहास, कर प्रणाली, अनुसन्धानमा भएको दशकौंको लगानी, समयको सम्मान, कानुन पालन गर्ने संस्कार हेर्दैनौं, त्यसैगरी, उत्पादनशील श्रम, संस्थागत निरन्तरता, सार्वजनिक सम्पत्तिप्रतिको नागरिक जिम्मेवारी हेर्दैनौं । परिणाम चाहन्छौं, प्रक्रिया चाहँदैनौं, समृद्धि चाहन्छौं, उत्पादन गर्न चाहँदैनौं, रोजगारी चाहन्छौं, उद्यम गर्न जोखिम लिन चाहँदैनौं, सरकारले रोजगारी देओस् भन्छौं, तर आफूले रोजगारी सिर्जना गर्न सक्ने सिप सिक्न तयार हुन्नौं । यही मानसिकता परिवर्तन नगरी समृद्धिको नारा मात्र दोहोर्‍याउनु आत्मछल हो ।

आफ्नो क्षमता, स्रोत र जिम्मेवारीलाई बेवास्ता गर्दै हरेक समस्याको समाधान अरूबाट मागिरहने मानसिकता हामीमा व्याप्त छ । सरकारले, दलले, विदेशीले, दाता संस्थाले, धनीले, नेताले दिओस्, विदेश गएको छोराछोरीले पैसा पठाओस्, तर मैले के उत्पादन गरेँ ? मैले के सिकेँ ? मैले के सिर्जना गरेँ ? मैले मेरो गाउँको एउटा समस्या समाधान गर्न के पहल गरेँ ? मैले मेरो बच्चालाई कस्तो संस्कार दिएँ ? मैले सार्वजनिक संस्थालाई कति बलियो बनाएँ ? यी प्रश्नबाट हामी भागिरहेका छौं । नेपाललाई सधैं माग्ने देश बनाउने कि सिर्जना गर्ने देश बनाउने भन्ने निर्णय केवल सरकारको मात्र होइन, नागरिकको मानसिकताले पनि गर्छ । संविधानले नागरिकलाई अधिकार दिएको छ, तर लोकतन्त्र अधिकार र कर्तव्य दुवैको सम्बन्ध हो । मलाई राम्रो सडक चाहिन्छ भने सडक बनाउने सार्वजनिक स्रोतको संरक्षण गर्नुपर्छ, मलाई राम्रो शिक्षा चाहिन्छ भने शिक्षक, विद्यालय र अभिभावकको भूमिकाबारे जिम्मेवार हुनुपर्छ । मलाई सुशासन चाहिन्छ भने भ्रष्टाचारमा आफू सहभागी हुनुहुँदैन । मलाई निष्पक्ष प्रशासन चाहिन्छ भने आफ्नो कामका लागि पहुँच खोजेर नियम मिच्ने प्रयास गर्नुहुँदैन । मलाई न्याय चाहिन्छ भने आफ्नो समूहको अपराधलाई पनि अपराध भन्न सक्नुपर्छ । मलाई सुरक्षित समाज चाहिन्छ भने सामाजिक अनुशासनमा आफ्नो योगदान गर्नुपर्छ । राम्रो नेतृत्व चाहिन्छ भने असल नेतृत्व छान्ने राजनीतिक चेतना विकास गर्नुपर्छ । नागरिक अधिकारको वास्तविक रक्षा नागरिक कर्तव्यबाटै हुन्छ ।

आज नेपाल फेरि एउटा नयाँ राजनीतिक मोडमा छ । वि.सं. २०८२ को असाधारण राजनीतिक परिस्थितिपछि सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार हुँदै २०२६ मार्च २७ मा बालेन्द्र शाह नेतृत्वको नयाँ सरकार बनेको छ । यो सरकार नयाँ पुस्ता, नयाँ राजनीतिक अपेक्षा र पुराना समस्याबिचको एउटा ठुलो परीक्षा हो । यसलाई सफल बनाउनुपर्छ भनेर भन्नु यसको हरेक काम सही छ भन्नु होइन, यसको आलोचना गर्नु लोकतन्त्रविरोधी होइन, सरकारलाई प्रश्न गर्नु नागरिक अधिकार हो, तर सरकार असफल होस् भनेर जानाजानी अवरोध सिर्जना गर्नु र सरकारका गलत कामको आलोचना गर्नु एउटै कुरा होइन । सरकारलाई सफल बनाउने अर्थ सरकारको अन्धसमर्थन गर्नु होइन, सरकार सफल हुनु भनेको कानुन बलियो हुनु, संस्था बलियो हुनु, भ्रष्टाचार नियन्त्रण हुनु, सार्वजनिक खर्च प्रभावकारी हुनु, उद्योग र उत्पादन बढ्नु, रोजगारी सिर्जना हुनु, शिक्षा र स्वास्थ्य सुधार हुनु, न्यायमा पहुँच बढ्नु, नागरिक सेवा सरल हुनु, लगानीकर्ताको विश्वास बढ्नु, युवाले देशमै भविष्य देख्न सक्ने वातावरण बन्नु हो । सरकारको एक सय दिनको कामसम्बन्धी सार्वजनिक विवरणमा, मौद्रिक नीतिमा, वित्तीय नीतिमा नीति सुधार, प्रशासनिक पुनर्संरचना र सुशासनलाई प्राथमिकता दिइएको देखिन्छ ।

हामी नागरिकले पनि यो सरकारलाई सफल बनाउन कस्तो भूमिका खेल्छौं ? सरकार असफल बनाउँदा कसको भविष्य असफल हुन्छ ? यहाँ एउटा अत्यन्त गम्भीर कुरा लेख्नु नै पर्नेछ । यदि कुनै राजनीतिक दलले आफ्नो तत्कालीन सत्ता-स्वार्थका लागि मात्र सरकार असफल बनाउन खोज्छ भने त्यसको मूल्य प्रधानमन्त्री वा मन्त्रीले मात्र तिर्दैनन्, त्यसको मूल्य हाम्रो छोरा-

... बाँकी ५ पेजमा

# पूर्वसूचना, कमान्ड सिस्टम, प्रविधिको सदुपयोग र सुरक्षाको पाठ

विचार

शरण उत्सुक



बुधबार बिहान करिब ९ बजे म सधैँझैँ आफ्नो नियमित काममै व्यस्त थिएँ। भोलिपल्ट बिहीबार 'त्रिशूली प्रवाह' साप्ताहिक छाप्नुपर्ने भएकाले पत्रिका निकाल्ने तयारी गर्दै थिएँ। सुरुदेखि नै जिल्लामा हाम्रो पत्रिका छाप्न मिल्ने साइजको प्रेस नभएकाले काठमाडौँमा छाप्नुपर्ने बाध्यता रहिरहेको छ। पत्रिका निरन्तर २७ वर्षदेखि प्रकाशन भइरहेको छ। प्रकाशनको सुरुवातदेखि नै रसुवाका पुराना पत्रकार एवम् हाम्रा संवाददाता ज्ञानेन्द्रनाथ न्यौपानेको फोन आयो। उहाँको स्वर अत्तालिएको स्पष्ट आभास हुन्थ्यो। उहाँले भन्नुभयो, 'सम्पादकजी लौ यसपालि ठुलो बाढी आयो। धुन्चे डगमगाउने गरी माथि डाँडाबाटै खोला उर्लिएर तलतिर बढेको छ। हेर्दाखेरि यो बाढी विदुरसम्मै पुग्ने देखिन्छ। तुरुन्तै त्रिशूलीकिनारका मान्छे र स्कुललाई खबर गरिहाल्नुस्।'

ज्ञानेन्द्रजी मेरो लामो समयदेखिको विश्वासिलो साथी हुनुहुन्थ्यो। फोन राख्नासाथ जिल्ला प्रशासन कार्यालयका एक साथीले पनि प्रमुख जिल्ला अधिकारी (सिडिओ) कार्यालयमा त्यस्तै आपत्कालीन खबर आएको पुष्टि गरेपछि मैले स्थिति गम्भीर भएको बुझेँ। त्यसपछि मेरो ध्यान लगत्तै त्रिशूली खोलापारिको त्रिभुवन त्रिशूली माध्यमिक विद्यालय र क्याम्पसतर्फ गयो। वि.सं. २००७ मा स्थापित जिल्लाकै पुरानो स्कुलमा बिहानी र दिउँसो गरी झन्डै १४-१५ सय विद्यार्थी पढ्छन्। बिहानको समयमा कोचिङ र नियमित कक्षा चल्ने भएकाले त्यहाँ सयौँ बालबालिका अध्यनरत थिए। मैले तुरुन्तै प्रधानाध्यापक राजेन्द्र दवाडीलाई फोन लगाएँ, सम्पर्क हुनै सकेन। लगत्तै विदुर- १ का अध्यक्ष लेनिन रञ्जितलाई फोन गरेँ, 'वडाध्यक्षज्यू यसपालि सामान्य अवस्था छैन। बाढी धुन्चे कटिसक्यो, ३०-४० फिट माथिबाट उर्लिएर आएको छ भन्छन्। समय छैन, तुरुन्तै स्कुल र बजार खाली गराउनुस्।' त्यसपछि मैले त्रिशूली पुलकै छेउमा घर भएका नमस्ते पासाङल्हामु बस व्यवसायी समितिका अध्यक्ष कुलबहादुर खड्गीलाई फोन गरेर बजारतिर यो खबर गरिदिन आग्रह गर्दै उहाँलाई पनि सुरक्षित स्थानमा जानका लागि भनेँ। मैले फोन संवाद सकाएको लगभग आधा घण्टा पनि भएको थिएन, बेत्रावतीबाट अर्का साथीको फोन आयो, 'दाइ, बेत्रावती र तुप्चे सोले त बाढीले लगिसक्यो, तपाईंहरू पनि भाग्नुस्, अरूलाई पनि भन्दिनुस्।' बाढीको गति एकदमै तीव्र थियो। बेत्रावतीबाट त्रिशूलीबजार आइपुग्न १५ मिनेट पनि लागेन होला। हाम्रै आँखैअगाडि त्रिशूलीका दुईवटा पुल, पावरहाउस, त्रिशूली स्कुल, कलेज, राममन्दिर, मस्जिद, बसपार्क र सिङ्गो त्रिशूलीबजार बगरमा परिणत भयो। ९ बजे खबर पाएको, १० नबज्दै सबै दृश्य बदलिसकेको थियो। मानिस छतछतमा उक्लिएर बचाउन हारगुहार मागिरहेका थिए। बिजुलीका पोल ढले, टेलिफोन नेटवर्क काटियो, सदरमुकाम अन्धकार र कोलाहलमय बन्यो। बाढी आएको दुई घण्टापछि नदीको बहाब घटेर तटीय क्षेत्र पूरै बगर बनिसकेको थियो। जिल्लाका सुरक्षा निकायले दिएको जानकारीअनुसार दिउँसो १ बजेतिर काठमाडौँबाट सेना र निजी कम्पनीका हेलिकोप्टर आइपुगेपछि छतमा अड्किएका मानिसको उद्धार सुरु भयो। पहिलो दिन त्रिशूलीबजारका घरका छतमा बसेका, विदुर-७ तुप्चेको छतमा रहेका र रसुवाका माथिल्लो भेगमा अड्किएका झन्डै एक सय जनाजतिको जीवितै उद्धार भएको थियो।

**दोस्रो दिनको भयावह दृश्य र रुवाबासी**

बाढीको दोस्रो दिन बिहीबार बिहान साढे ६ बजे मेरा सहकर्मी पत्रकार दीपक कोइरालासहित नीलकण्ठ नगरपालिका धादिङका मेयर तथा नेपाल नगरपालिका सङ्घका अध्यक्ष भीम ढुङ्गाना, नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवम् पर्यटन व्यवसायी रमेशप्रसाद धमलासहित धादिङका साथीहरू विदुरको मेरो घरमा आइपुग्नुभयो। मेयर ढुङ्गानाकी बहिनीसहित धादिङबाट बुधबार बिहान गोसाईँकुण्ड तीर्थ हिँडेका ३० जनाको टोली वेत्रावतीमा खाना खान बसेका वेला बाढीले बगाएर बेपत्ता बनाएको रहेछ। उहाँहरू सो टोलीको अवस्था बुझ्नका लागि आउनुभएको रहेछ। बाढीले विदुरदेखि वेत्रावतीसम्मको सडक बगाएर ध्वस्त भएकाले विदुरबाट ढुङ्गेसम्म जान सक्ने अवस्था थिएन। उहाँहरू जसरी पनि वेत्रावती पुग्नैपर्ने भएकाले सहयोग माग्नुभयो। उहाँहरूको आग्रह नकार्न सकिनँ। मैले गाउँको कच्ची वैकल्पिक बाटो सम्झेँ, नुवाकोट दरबार, सूर्यगढी, चोगदे, बोहोरेभन्ज्याङ, कुवापानी, महभिर हुँदै वेत्रावती पुऱ्याउन सकिन्छ कि भनेर विदुरबाट त्यसतर्फ लाग्यौँ। उक्त क्षेत्र पुग्ने बाटो एक त बर्खाको समय, अर्को पूरै कच्ची र साँघुरो सडक भएकाले अप्ठ्यारो सहँदै अघि बढ्यौँ। नुवाकोट पुगेपछि सडकमा बाढीको कारण गेर्खुटारमा पार्किङ गरिएका टिमुरे सामान बोक्न जाने अधिकांश डिब्बा र अन्य सवारीसाधन गेर्खुटार उक्लेर गेर्खु हुँदै चोगदेबाट रातभरि नै नुवाकोट आइरहेका रहेछन्। राति नुवाकोटमा १२ चक्के डिब्बा सडकमा फसेर सडक अवरोध भएको रहेछ। एक घण्टा लगाएर बिहान ९ बजेतिर सडक खुल्यो, हामी त्यहाँबाट चोगदे हुँदै बाढी प्रभावित क्षेत्र वेत्रावती जाँदै गर्दा चोगदेमा स्थानीय समाजसेवी अणबहादुर प्याकुरेललाई भेट्यौँ। उहाँले वेत्रावती जानका लागि बाटो देखाउँदै बिदा गर्नुभयो। हामी बोहोरेभन्ज्याङ हुँदै कुवापानीको ओरालो झर्दै दायाँबायाँ गर्दै कच्ची बाटोबाट सोध्दै महभिर हुँदै प्रभावित क्षेत्र वेत्रावती पुग्यौँ। त्यहाँ पुग्ने हाम्रो टोली पहिलो भएको स्थानीयले बताउनुभयो। सो बाटैभरि वेत्रावतीबाट भागेर बचेका बुढाबुढी, युवा, बालबालिका सूर्यगढीतिर उक्लिरहेको भिड थियो। वेत्रावती पुग्दाको दृश्य वर्णन गरिसाध्य थिएन। त्रिशूलीमा मिसिने फलाखु खोलाको दुईवटा पुल एक किलोमिटर माथिसम्म लछारिएर बगेको थियो। हरेक वर्ष माघे सङ्क्रान्तिमा गोरु जुधाउने गरिएको ठुलो फाँट र बस्ती पूरै बगरमा परिणत थियो। वेत्रावतीको अन्नभण्डारको रूपमा चर्चित हरियाली फाँट, बजार, दुवै पुल र तुप्चे जाने झोलुंगे पुल पूर्ण रूपमा नामनिसानै नरहने गरी बगेको देखियो। फलाखु खोला नै फर्काएर वेत्रावती बजार पूरै बगरमा परिणत गराएको त्रिशूलीको बाढीले वेत्रावतीपारिको विदुर- ७ स्थित सलाखु खोलाको पुल, सोले बजार, चापाबोटको फाँट सत्ताइसे फाँट, तुप्चेको अक्करेबजार, विदुर-१० भैँसेबजार जोड्ने पुल, त्रिशूली जलविद्युत् केन्द्रको हेडगेट, भैँसेबजारको अस्तित्व नै मेटिएको दृश्य डाँडाबाट देखिन्थ्यो। वेत्रावतीको पुरानो सडकछेउमा जोगिएका दुई-तीनवटा घरका दुईतला पुरिएकोबाहेक सडक तल्लोपट्टिको कुनै घर बाँकी थिएन। बजारको सबैभन्दा ठुलो घडी भएको घर आधा पुरिएर ठिङ्ग उभिएको थियो। सँगैको छतमा दुईवटा शव रहेको स्थानीयले बताएपछि धादिङबाट आएका साथीहरूले त्यहाँ जान खोजेपछि दलदल रहेको बाटोमा एक दर्जन पुरानाजस्ता ओछ्याउँदै छतमा पुग्यौँ। गाउँलेले रोक्दै भन्नुभयो, 'दाइ यी दुईजना हिजो बेलुकासम्म बचाऊ-बचाऊ भनेर कराइरहेका थिए, राति बितेछन्।' त्यो सुन्दा मुटु फुटेर आयो। नीलकण्ठका मेयर साहेबले आफ्ना मान्छे हुन् कि भनेर जोखिम मोलेरै हिलो र लेदोमा टेकेर शव हेर्नुभयो। मृतक मङ्गोलियन समुदायका अनुहारका थिए। त्यहाँ आफन्तको पत्तो लगाउन सकिएन। स्थानीयले खाना खान बस रोकेको घर यही थियो। बस बगेको, घर ढलेको देखेको बताएपछि निराश हुँदै हामी फर्क्यौँ। फर्किने क्रममा अलपत्र परेका स्थानीयले हाम्रो गाडी रोकेर रुँदै भन्नुभयो, 'दाइ हाम्रा बिरामी र बालबच्चा छन्, औषधि बगायो। हामीलाई जसरी भए पनि उद्धार गरिदिनुस्।' आफ्नै गाउँठाउँ बगेको दृश्य र नागरिकको त्यो क्रन्दन देख्दा मैले आफूलाई रोक्न सकिनँ, उहाँहरूसँगै रोएँ।

गाडीमा सातजनाको सिटमा एकजना बिरामी बच्चा र उहाँहरूका आमालाई राखेर सूर्यगढी गाउँपालिकाको हेल्थपोस्टमा बुझायौँ। दीपु डङ्गोल, शिवशंकर डङ्गोलको परिवारसहित बाँकीलाई गाडी पठाइदिने आश्वासन दिएर हामी विदुर फर्क्यौँ। लगत्तै विदुर आएर त्यहाँको वस्तुस्थितिबारे प्रमुख जिल्ला अधिकारीसहितको टिमलाई मैथली ब्यारेकमा पुगेर अवगत गराएपछि सशस्त्र प्रहरीको टोलीले सवारीसाधन लगेर उहाँहरूको उद्धार गऱ्यो। बाढीले मेरो आफ्नो जन्मघर रहेको विदुर- ७ तुप्चे (खोलापारि) का खेत र जग्गा, जमिन सबै बगाएको छ। उक्त स्थानमा रहेको मेरो भाइ कुमारको पसल र अक्करे बजार पूरै प्रभावित छ। म हाल बस्दै आएको क्षेत्र विदुर-१ अलि माथिल्लो उचाइमा भएकाले घर र पसल सुरक्षित रहे पनि मेरो जन्मथलो सखाप भयो। बाढीले गर्दा त्रिशूलीवारि र पारिको सम्बन्ध टुटेको छ। विदुर नगरपालिकाको वारि र त्रिशूलीपारि जोड्ने तीनवटा तुइन मंगलबारदेखि सञ्चालनमा आएका छन्। बाढी प्रभावितको खोज, उद्धारसहित राहत वितरण काम तीव्र गतिमा भइरहेको छ। अहिले प्रभावितको लगत सङ्कलनको काम र सडक अवरोध हटाएर सडक सञ्चालन, बस्ती सफा गर्ने र बस्तीका सामान खोज्न सरकार, स्थानीय निकाय र स्थानीयवासी लागिरहेका छन्।

सुरुका दुई-तीन दिन सरकारी निकाय निकै अलमलिए। कुन ठाउँबाट कसरी काम सुरु गर्ने भन्ने योजना नै बन्न सकेन। यद्यपि, पछि अन्तर ष्ट्रिय र राष्ट्रिय दबाब बढेपछि उद्धार कार्यले तीव्र गति लियो। नुवाकोट र रसुवामा गरी आठ-नौवटा हेलिकोप्टर उद्धारमा खटिए। जलविद्युत् आयोजनाका सुरुङमा फसेका मजदुर, मानसरोवर जाने भारतीय तीर्थयात्री र स्थानीय हराइरहेका मानिसको उद्धार भइरहेको छ। उद्धार गरिएकामा नेपालीपछि ठुलो सङ्ख्या भारतीय नागरिकको छ किनकि हाइड्रोपावरका ठेकेदार, कामदार र मानसरोवर जाने तीर्थयात्री भारतीय नै बढी थिए। राहतको काम पनि ढिलै गरी भए पनि अहिले कहीँ पनि खानै नपाउने अवस्था छैन। सुरुमा चाउचाउ, चिउरा र पानीबाहेक केही थिएन। पछि पकाउने खानेकुरा, त्रिपाल र ओढ्ने-ओछ्याउने सामग्री पुगिसकेको छ। तर, सङ्कटका वेला यहाँ देखापरेको मुख्य कमजोरी भनेको अनावश्यक 'भिआइपी'को भिड र समन्वय अभाव हो। विपत्का वेला ठुला नेता र प्रशासकले काठमाडौँ वा माथिबाटै कमान्ड र निर्देशन दिनुपर्नेमा फिल्डमै उहाँहरूको लाम लाग्यो। प्रधानमन्त्री, गृहमन्त्री, सञ्चारमन्त्री, मन्त्री, सांसद, सुरक्षा निकायका प्रमुख, युट्युबर र मिडियाको घुइँचो लाग्यो। उहाँहरूसँगै रमिते हेर्नेको भिडले पनि उद्धार कार्यमा अवरोध भइरहेको छ।

सुरुमा स्थानीय प्रशासक र सुरक्षाकर्मी उद्धार र राहत छाडेर भिआइपीलाई ब्रिफिङ गर्न र डुलाउनमै व्यस्त हुनुपरे पनि त्यो अवस्था सोमबारदेखि हटेको छ। यसपटक विपत्मा सामाजिक सञ्जालको भूमिका महत्त्वपूर्ण रह्यो। रसुवाका टिमुरेदेखि धुन्चे, स्याफ्रुबेँसी, वेत्रावती बाढीको भिडिओ र सूचना भाइरल भएपछि त्रिशूली, देवीघाट र गल्छीसम्मका मानिस समयमै सतर्क हुन पाए। तर, यसको नकारात्मक पक्ष पनि देखियो। मानिसले संवेदनशील दृश्य, शवका फोटो सिधै पोस्ट गरिदिए। पीडितसँग अतिरञ्जित तरिकाले 'कसरी बग्नुभयो, कसरी जोगिनुभयो' भन्दै अन्तर्वार्ता लिएर उहाँहरूको घाउमा नुनचुक छर्किने काम भयो। १६-१८ घण्टा छतमा बसेर ज्यान जोगाएका मानिसको मानसिक आघातलाई नबुझी अनावश्यक प्रश्न सोध्ने र भ्युज कमाउने धन्दाले पीडितलाई थप पीडा दियो। साथै, आधा घण्टाअघि नै सूचना पाउँदापाउँदै पनि कतिपय मानिसले पोहोर पनि यस्तै भनेका थिए भन्दै लापरबाही गरे। बाढी आउँदाआउँदै पुलमा बसेर भिडिओ खिच्ने र हेलचेक्र्याइँ गर्ने प्रवृत्तिले गर्दा पनि यसपालि धेरै मानिस बेपत्ता भएका छन्।

त्रिशूलीकिनारका बस्ती फेरि उठ्न समय लाग्ने छ। तर, यस विपत्ले हामीलाई चार मुख्य पाठ सिकाएको छ- विपत्को पूर्वसूचनालाई कहिल्यै हल्का रूपमा नलिनू। सङ्कटका वेला भिआइपी संस्कृतिभन्दा 'कमान्ड सिस्टम' लागू गर्नू, मिडिया वा प्रविधिको प्रयोग गर्दा मानवीय संवेदनाको सधैँ ख्याल गर्नू र प्रभावित क्षेत्रमा सुरक्षालाई विशेष ध्यान पुऱ्याउनुपर्ने आवश्यकता देखिएको छ।

# कृषि पढेर किसान बन्न नहिचकिचाऔँ

आशिष खतिवडा

पाठकपत्र



हरेक वर्ष नेपालमा विश्वविद्यालयबाट हजारौँ विद्यार्थी कृषिशास्त्र पढेर डिग्री लिन्छन्। तर, ती ज्ञान र सिप भएको विद्यार्थी कति खेतबारीमा फर्कन्छन्, त्यसको लेखाजोखा हुन सकेको छैन। डिग्री लिने प्रायको लक्ष्य सरकारी जागिर, गैरसरकारी संस्था, परियोजनाको जागिर वा वैदेशिक रोजगारी रोज्ने गरेको पाइन्छ। ज्ञान र सिपले भरिपूर्ण विद्यार्थी खेतबारी जोत्ने, मल, बिउ छर्ने, गोडमेल र उत्पादन गर्ने कार्यमा संलग्न नहुँदा खाद्यान्नमा परनिर्भरता बढ्दो छ। ज्ञान र सिप भएका युवाले कृषि कर्म गर्न लाज मान्ने गरेकाले वृद्ध बाआमाकै जिम्मामा कृषि कार्य परेको छ। उर्वर भूमि बाँझिरहँदा उत्पादनले खान धौधौ भएको छ।

नेपालको अर्थतन्त्र अझै ठुलो क्षेत्र कृषिमा निर्भर छ, तर आश्चर्यको कुरा कृषि क्षेत्रमा काम गर्ने युवापुस्ता निरन्तर घट्दो छ। गाउँघरतिर खेतबारी बाँझो हुँदै छ, काम गर्ने हात सहर वा विदेशतर्फ आकर्षित छन्। कृषिका विद्यार्थी पनि खेतबारीमा पस्नभन्दा खाली बस्न रुचाउँछन्। यसले गर्दा खेती मात्र होइन, खेती प्रणाली नै धरापमा परेको छ। 'किसान' भन्ने शब्दलाई अझै पनि कम आम्दानी, कठिन श्रम, साथसाथै सामाजिक दृष्टिकोणबाट कम प्रतिष्ठासँग जोडेर हेर्ने प्रवृत्ति छ। समाजले कृषि कर्म गर्नेलाई भन्दा जागिर खाने र व्यापार-व्यवसाय गर्नेलाई इज्जत र सम्मान गर्छ। परिवारले पनि आफ्ना सन्तानलाई जागिर खान उत्प्रेरित गर्ने, जागिर नपाए मात्र खेतबारीमा काम गर्न पठाउने संस्कार रहेको छ। परिवार र समाजबाट पढिनस् भने हली हुन्छस् भनेर गाली गर्ने प्रवृत्ति समाजमा अझै छ। त्यसैले कृषि पढेको युवा आफ्ना ज्ञान प्रयोग गरेर आधुनिक कृषि गर्नभन्दा जागिर खान रुचाउँछन्। सानासाना जमिनका टुक्रा, उत्पादनपछि बजारको अनिश्चितता, भण्डारणको अभाव, कृषि ऋणमा पहुँच नपुग्नु, मौसमजन्य जोखिम र उत्पादनको उचित मूल्य नपाउने अवस्थाले युवालाई कृषि रोज्न निरुत्साहित गरेको छ।

जब बालीको मूल्य किसानले होइन, बजारको संरचना बिचौलियाले निर्धारण गर्छ, तर खडेरी, बाढी तथा रोग-किराको जोखिम किसानले नै व्यहोर्नुपर्छ, त्यसैले कृषि पेसा दुःखी र तल्लोस्तरको बनेको हो। आजको कृषि हलो जोत्ने, परम्परागत रूपमा खेती गर्ने काम मात्र नभएर उन्नत जातको बिउ, सिँचाइ, माटो परीक्षण, डिजिटल र दिगो कृषि, उत्पादन, प्रशोधन, प्याकिङ र ब्रान्डिङले आधुनिक कृषितर्फ रूपान्तरण गर्न जरुरी छ। कृषि पढेको विद्यार्थीसँग भएको विज्ञान र प्रविधिको ज्ञानलाई बजार र उद्यमशीलतासँग जोड्न सके कृषि विद्यार्थी केवल किसान होइन कृषि उद्यमी, कृषिका प्राविधिक सल्लाहकार बन्न सक्छन्। त्यसको लागि तीनै तहका सरकारको प्राथमिकता कृषि बन्नुपर्छ। खेतीलाई केवल जीविकोपार्जनको माध्यम नभई व्यावसायिक रूपमा विस्तार हुने गरी प्रविधियुक्त बनाउन आवश्यक छ। युवा र किसानलक्षित सहज कृषि ऋण, बिमा भण्डारण र बजार व्यवस्थापनमा सरकारले लगानी गर्ने र जिम्मा लिने नीति र कार्यक्रम आवश्यक छ।

साना किसानका लागि सहकारी वा अन्य सामूहिक प्रणालीमार्फत उत्पादन, प्रशोधन र बजारीकारणमा जोडिनुपर्छ। सफल कृषि उद्यमी र किसानको वास्तविक कथा समाजमा प्रकाशन गर्नुपर्छ। 'किसान' शब्दले असफलता होइन, सम्भावना र सफलताको पहिचान बनाउन सकियोस्। कृषि विद्यार्थी भएर किसान बन्नु लाजको कुरा होइन, गर्वको कुरा हो। युवालाई कृषिमा फर्क भनेर आग्रह गरेर मात्र उनीहरू फर्कँदैनन्। जब कृषि बाध्यता र असफलताको पेसाबाट मुक्त हुँदैन, तबसम्म युवाको आकर्षण बढ्दैन। कृषि आय-आर्जनको मुख्य स्रोत र पेसामा रूपान्तरण हुँदैन तबसम्म कृषि पढेको युवाले माटोसँग आफ्नो ज्ञानको प्रयोग गर्न अग्रसर हुँदैनन्। परिवर्तन खेतमा मात्र होइन, किसानप्रति राज्यको सकारात्मक सोचाइ र सम्मान तथा प्रोत्साहित गर्ने संस्कार जरुरी छ। *(लेखक विदुर- १०, गेर्खुटार कृषि तथा वन विज्ञान, रामपुर, चितवनमा स्नातक अध्ययनरत हुनुहुन्छ।)*

**कानदेवी कृषि सहकारी संस्था लि.**
विदुर- ४, नुवाकोट

**सदस्यका लागि केवाइएम भर्नेसम्बन्धी अत्यन्त जरुरी सूचना**

यस सहकारी संस्थाको कार्यक्षेत्र विदुर नगरपालिका वडा नम्बर २ र ४ मा रहेको र विगतमा उक्त कार्यक्षेत्रबाहिर रहेका केही सदस्यहरूको सहकारीमा सेयर तथा कारोबार रहेको देखिएकाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आ-आफ्नो कारोबार मिलान गरी सदस्यता खारेज गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा संस्था आफैँले सदस्यता खारेज गर्ने व्यहोरासमेत जानकारीका लागि अनुरोध गरिन्छ। साथै, आफ्नो व्यक्तिगत पहिचान फारम (केवाइएम) भर्न बाँकी सदस्यहरूले समेत १५ दिनभित्र केवाइएम भरी अभिलेख अद्यावधिक गर्नुहुन यसै सूचनाद्वारा सूचित गरिएको छ।

**सविना भुजेल**
*व्यवस्थापक*
**सम्पर्क : ०१०-५६१८५५**

**नुवाकोट उद्योग वाणिज्य सङ्घ**
विदुर, नुवाकोट

**सदस्यता नवीकरण गर्नेसम्बन्धी सूचना**

यस सङ्घको बुधबार बसेको बैठकले आगामी पुष ३ गते साधारणसभा र ४ गते निर्वाचन गर्ने निर्णय गरेको हुँदा सम्पूर्ण सदस्यज्यूहरूलाई २०८३ असोज मसान्तभित्र सदस्यता नवीकरण गर्नुहुन सूचित गरिन्छ। लामो समय नवीकरण नगरेका सदस्यज्यूहरूले तीन वर्षको नवीकरण शुल्क बुझाउनुभएमा अरू वर्षको शुल्क छुट हुने निर्णय समेत भएको व्यहोरा जानकारी गराइन्छ। यस वर्ष नयाँ कार्यसमिति चयन गर्ने भएकाले सदस्यता नवीकरण नगरेका सदस्यज्यूहरूले सभामा भाग लिन र निर्वाचन प्रक्रियामा सहभागी हुन विधानअनुसार नपाउने व्यवस्था रहेको समेत जानकारी गराइन्छ।

**उपेन्द्र बुढाथोकी,** *महासचिव*

**सातदिने सूचना**

नुजि विदुर- ३ को कित्ता नम्बर १५४४ को क्षेत्रफल १-१-०-२ को जग्गामा **रुषिका मेटल वर्कसप** स्थापना गर्न लागिएको हुँदा सो वर्कसपले त्यस क्षेत्रको सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक र रासायनिक तथा जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र स्थानीयले लिखित राय-सुझाव भए दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**राय-सुझाव दिने स्थान**
विनपा- ३ को कार्यालय, नुवाकोट
उद्योग वाणिज्य पर्यटन तथा यातायात कार्यालय, विदुर, नुवाकोट

**निवेदक**
**नाम** : रमेश सुनार
**ठेगाना** : विदुर-३, खड्गभञ्ज्याङ, नुवाकोट

**सम्पर्क नं. : ९८४३७११७६३**

**त्रिशूली बचत तथा ऋण सहकारी संस्था लि.**
विदुर- १, त्रिशूली, नुवाकोट

**सञ्चालन हुनेसम्बन्धी सूचना**

**आदरणीय सेयर सदस्यज्यूहरू,**

२०८३ साल भदौ १० गते बिहान आएको अकल्पनीय विनाशकारी बाढीले यस सहकारी संस्था लिमिटेडको कार्यालय भवन पूर्ण रूपमा क्षतिग्रस्त भई भग्नावशेषमा परिणत भएको व्यहोरा सेयर सदस्यज्यूहरूमा अवगत नै रहेको छ। सहकारीमा सुरक्षित सफ्टवेयर रहेकाले बचतको हिसाब सुरक्षित रहेको छ। यस कठिन घडीमा पनि संस्था विचलित नभई आफ्ना सेयर सदस्यज्यूहरूको निक्षेप सुरक्षाको ग्यारेन्टी गर्न सक्षम रहेको साथै यथासक्दो चाँडो सञ्चालन गर्न लागिरहेका छौँ। विपत्तिको कठिन परिस्थितिमा कार्यालय सञ्चालनका लागि सम्पूर्ण सेयर सदस्यज्यूहरूबाट साथ र सहयोगको अपेक्षा राखेका छौँ। दैवीप्रकोपबाट आक्रान्त जनप्रति सहानुभूति प्रकट गर्दै सो घटनामा परी दिवंगत हुनुभएका सबैलाई श्रद्धाञ्जली व्यक्त गर्दछौँ।

**हरिलाल श्रेष्ठ**
*अध्यक्ष*
**९८५१२०८३२३**

**आर्थिक विधेयक २०८३ ले गरेका भारी छुट तथा सहुलियतसम्बन्धी जानकारी :**

**आयकरको ब्याज तथा शुल्क मिनाहासम्बन्धी विशेष व्यवस्था :**

(१) कुनै व्यक्तिले विगतमा स्थायी लेखा नम्बर नलिई कर लाग्ने आय आर्जन गरी आयकर दाखिला नगरेको भएमा त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७९/०८० देखि २०८२/०८३ सम्मको आय विवरण २०८३ पुस मसान्तसम्ममा दाखिला गरी सोबमोजिम लाग्ने कर दाखिला गरेमा सोमा लाग्ने शुल्क तथा ब्याज रकम मिनाहा हुनेछ र सोभन्दा अगाडिको आय वर्षहरूको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याजसमेत बुझाउनुपर्नेछैन।

(२) विगतमा स्थायी लेखा नम्बर लिई करको दायरामा आइसकेका, तर कुनै आय आर्जन वा कारोबार नगरेका करदाताले आर्थिक वर्ष २०८१/०८२ वा सोभन्दा अघिदेखिको आय विवरण दाखिला नगरेको भए त्यस्तो व्यक्तिले दर्ता खारेज गर्न वा कारोबार सञ्चालन गरी सक्रिय हुन चाहेमा आव २०८२/०८३ को आय विवरण तथा सोबमोजिमको कर दाखिला गरी २०८३ पुस मसान्तभित्र दर्ता खारेजी वा कारोबार सुचारू गर्ने निवेदन दिएमा सोभन्दा अघिको आर्थिक वर्षको आय विवरण दाखिला गर्नुपर्नेछैन।

(३) आयकर ऐन, २०५८ बमोजिम स्थायी लेखा नम्बर लिई आय आर्जन गरी कर तथा विवरण बुझाउन बाँकी रहेका व्यक्तिले त्यस्तो कर र सोको एक प्रतिशतले हुने थप रकम तथा आय विवरण २०८३ पुस मसान्तभित्र बुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ।

**मूल्य अभिवृद्धि करको जरिवाना र ब्याज मिनाहासम्बन्धी विशेष व्यवस्था :**

(१) मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले विगतमा कर लाग्ने कारोबार गरी मूल्य अभिवृद्धि कर सङ्कलन र दाखिला नगरेको भएमा सङ्कलन गर्नुपर्ने कर र सोको एक प्रतिशते हुने थप रकम २०८३ पुस मसान्तसम्म दाखिला गरी २०८२ चैतसम्मको कर विवरण पेस गरेमा ब्याज, थप दस्तुर तथा जरिवाना रकम मिनाहा हुनेछ।

(२) मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले विगतमा कर लाग्ने कारोबार गरी मूल्य अभिवृद्धि कर सङ्कलन गरेका तथा कर विवरण पेस नगरेको भए २०८२ चैतसम्मको कर विवरण २०८३ पुस मसान्तसम्म दाखिला गरी विवरणअनुसारको कर र सोको एक प्रतिशतले हुने थप रकम दाखिला गरेमा ब्याज, थप दस्तुर तथा जरिवाना रकम मिनाहा हुनेछ।

**अन्तःशुल्कको जरिवाना र विलम्ब शुल्क मिनाहासम्बन्धी विशेष व्यवस्था :**
अन्तःशुल्क ऐन, २०५८ बमोजिम इजाजतपत्र लिई तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाले इजाजतपत्र नवीकरण गराई कारोबारलाई निरन्तरता दिन चाहेमा वि.सं. २०८३ असोज मसान्तभित्र आव २०८२/०८३ का लागि नवीकरणबापत बुझाउनुपर्ने दस्तुर बुझाई नवीकरण गरेमा बाँकी आवहरूको लाग्ने नवीकरण दस्तुर र जरिवाना मिनाहा हुनेछ। सो अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वतः खारेज हुनेछ।

**कम्पनी ऐन २०६३ बमोजिम लाग्ने कर, शुल्क, दस्तुर, ब्याज तथा जरिवाना मिनाहासम्बन्धी व्यवस्था :**
कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका कम्पनीले म्यादभित्र विवरण पेस नगरेको, नवीकरण नगरेको वा दाखिल गर्नुपर्ने कर, शुल्क, दस्तुर, ब्याज वा जरिवाना दाखिल नगरेको भएमा त्यस्ता कम्पनीले कारोवार जारी राख्न वा दर्ता खारेज गर्न चाहेमा आव २०८२/०८३ को लागि कानुनबमोजिम लाग्ने कर, शुल्क, दस्तुर तथा विवरण वि.सं. २०८३ असोज मसान्तभित्र पेस गरेमा सोभन्दा अघि लागेको वा लाग्ने सम्पूर्ण कर, शुल्क, दस्तुर, ब्याज वा जरिवाना मिनाहा हुनेछ।

**संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भएका वा अन्य संस्थालाई कर, ब्याज तथा शुल्क मिनाहासम्बन्धी विशेष व्यवस्था :**
संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भएको संस्था आयकर ऐन, २०५८ बमोजिम कर छुट पाउने संस्थाको रूपमा दर्ता भएको वा नभएको भए तापनि त्यस्तो संस्थाले वि.सं. २०८३ पुस मसान्तभित्र आव २०८२/०८३ को आय विवरण दाखिला गरेमा सो आव र सोभन्दा अगाडि संस्थाले प्राप्त गरेको दान, चन्दा उपहारबापतको रकमबाट सिर्जित करयोग्य आयमा लाग्ने कर, ब्याज तथा शुल्क मिनाहा हुनेछ। त्यस्तो संस्थाले प्राप्त गरेको दान, चन्दा तथा उपहारबापतको रकम मात्र आय भएमा आय विवरणसमेत पेस गर्नुपर्ने छैन।

**प्रादेशिक व्यापार तथा व्यवसायका लागि छुटसम्बन्धी विशेष व्यवस्था :**
व्यावसायिक फर्म दर्ता गरी नवीकरण नगरेका उद्योग, फर्म (प्राइभेट र साझेदारी) र व्यवसायले वि.सं. २०८३ पुस मसान्तसम्म आव २०८२/०८३ सम्मको लाग्ने नवीकरण शुल्क दाखिल गरी नवीकरण गरेमा आव २०८१/०८२ भन्दा अगाडिका वर्षहरूमा लाग्ने जरिवाना छुट हुनेछ।

**थप जानकारीका लागि सम्पर्क :**
**विदुर कर परामर्श सेवा**
**विदुर : ०१०-५६११३६/५६१०३६, ९८५१११६९५६/९८४१८११४१० गल्छी : ९८४६२५६६८२**
**इमेल :** bidurtax@gmail.com **वेबसाइट :** www.bidurtax.com.np

## प्याब्सन निबन्धलेखन प्रतियोगितामा भट्टराई प्रथम

**विदुर ।** निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) नुवाकोटको आयोजनामा गत साउन ३१ गते आयोजित जिल्लास्तरीय अन्तरविद्यालय निबन्धलेखन प्रतियोगितामा नुवाकोट ग्लोरी सेकेन्डरी बोर्डिङ स्कुलका अभिषेक भट्टराई प्रथम हुनुभएको छ । विद्यार्थीको लेखन क्षमता अभिवृद्धि गर्ने उद्देश्यले ओममाने पब्लिक स्कुल, विदुर- १०, गेर्खुटारमा 'शिक्षामा प्रविधिको महत्त्व' विषयमा भएको प्रतियोगितामा गणेश भ्यु वाटिकाका राजकुमार तामाङ द्वितीय, तादी भ्यु एकेडेमीकी सलिना भण्डारी तृतीय र नर्थ स्टारका सन्दीप पन्तले सान्त्वना स्थान प्राप्त गर्नुभयो । प्रतियोगितामा जिल्लाका प्रायः सबै निजी विद्यालयले भाग लिएका थिए ।

प्याब्सन नुवाकोटले हरेक महिनाको अन्तिम आइतबार अतिरिक्त क्रियाकलापअन्तर्गत विभिन्न विधामा प्रतियोगिता सञ्चालन गर्दै आइरहेको संस्थाका अध्यक्ष पुरुषोत्तम अधिकारीले जानकारी दिनुभयो । अतिरिक्त क्रियाकलापअन्तर्गत यही भदौ २८ गते जिल्लास्तरीय अन्तरविद्यालय लोकनृत्य र एकल गायन प्रतियोगिता सञ्चालन हुने बताइएको छ ।







*"आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,*
*इन्द्रै बिन्ती गरून्, झुकेर पदमा त्यो सुन्दैन त्यो"*

**हार्दिक समवेदना**



**जन्म :** १९९९/०३/१७

**स्वर्गारोहण :** २०८३/०५/०१

यस सहकारी संस्थाका संस्थापक सचिव एवम्
सेयर सदस्य श्री परशुराम लामिछानेज्यूका
पुजनीय पिता **पदमबहादुर लामिछाने**को असामयिक
निधन भएको खबरले हामी स्तब्ध भएका छौं ।
शोकको यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको
कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै, शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**गणेश गुरुवाचार्य,** ***अध्यक्ष***
**ईश्वर अमात्य,** ***व्यवस्थापक***
एवम्
**श्री सम्पन्न बचत तथा ऋण**
**सहकारी संस्था लि. परिवार**
**लिखु- १, ढिकुरे, नुवाकोट**



**सातदिने सूचना**

नुजि विदुर- ४ को कित्ता नम्बर ४३१५ को क्षेत्रफल ०-१५-२-३ को जग्गामा **नेपाल अटोमोबाइल** स्थापना गर्न लागिएको हुँदा सो अटोमोबाइलले त्यस क्षेत्रको सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक र रासायनिक तथा जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र स्थानीयले लिखित राय-सुझाव भए दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**राय-सुझाव दिने स्थान**
विनपा-४ को कार्यालय, बट्टार, नुवाकोट
उद्योग वाणिज्य पर्यटन तथा यातायात कार्यालय, विदुर, नुवाकोट

**निवेदक**
**नाम** : मो.एजाजुर रहमान
**ठेगाना** : विदुर-४, बट्टार, नुवाकोट

**सम्पर्क नं. : ९८५१४०२७८६**


# विद्यालय सुरक्षित स्थानमा पुनर्निर्माण गर्नुपर्ने आवश्यकता



त्रिशली नदी किनारमा रहेको त्रित्रिमावि, त्रिशली बजारको
**बाढीपछि र अघिको तस्बिर**

**❑ विशान्त अग्रवाल**

**त्रिशूलीबजार ।** बाढी आएको दिन केही मिनेटकै अन्तरमा तीनवटा चेतावनी आएका थिए । एकजना लेखापाल दौडिँदै आएर पानी तीव्र गतिमा पसिरहेको बताउनुभयो । एक शिक्षकले माथिल्लो क्षेत्रमा रहेका व्यक्तिबाट फोनमार्फत उक्त क्षेत्र नै बगाइसकेको खबर सुनाउनुभयो । त्यहीवेला एक अभिभावक स्कुटरमा आफ्नी छोरीलाई लिन विद्यालय आइपुग्नुभयो । प्रधानाध्यापक राजेन्द्र दवाडीले तत्काल त्रिभुवन त्रिशूली माध्यमिक विद्यालयका करिब नौ सय विद्यार्थीलाई विद्यालयबाट बाहिर निकाल्न निर्देशन दिनुभयो । विद्यार्थी सुरक्षित रूपमा बाहिर निस्कन सफल भए, त्यसको केही समयमै त्रिशूली नदीले ७६ वर्ष पुरानो विद्यालयपरिसर नै बगाइदियो । अब प्रधानाध्यापक दवाडी, शिक्षक र विद्यार्थी एउटा कुरामा सहमत छन्- कक्षा सकेसम्म छिटो सञ्चालन गर्नुपर्छ, तर विद्यालयलाई फेरि नदीको किनारमा कहिल्यै बनाउनुहुँदैन । विद्यालय अग्लो र सुरक्षित स्थानमा निर्माण गर्नुपर्छ ।

'बालबालिका मात्र होइन, हाम्रा केही शिक्षक र कर्मचारी पनि नदीसँग डराएका छन् । यो नदी अहिले घुमाउरो बाटोमा हिँडिरहेको भुतजस्तै लाग्छ,' ४७ वर्षीय प्रधानाध्यापक दवाडीले आइतबार टाइम्स अफ इन्डियालाई बताउनुभयो । उहाँहरूलाई अहिले नदीको नाम सुन्दा पनि डर लाग्छ । सबै विद्यार्थी सुरक्षित, दुई कर्मचारी अझै बेपत्ता, बाढीको चेतावनी आउँदा बालबालिकासहित करिब एक हजार मानिस विद्यालयभित्र थिए । विद्यालयको आवासीय छात्रावासमा ३० जना छात्रा थिए । उहाँहरूले आफ्ना घर टाढा भएकाले अब कहाँ जाने भनेर प्रधानाध्यापक दवाडीलाई सोधिरहनुभएको छ । उहाँहरूलाई आफूलाई पछ्याउँदै डाँडातिर उक्लिन भनेको भन्नुभयो ।

दवाडीले एक गैरशिक्षण कर्मचारीलाई विद्यालयको घन्टी बजाउन लगाउनुभयो । त्यसपछि शिक्षकले कक्षाकोठाबाट विद्यार्थीलाई बाहिर निकाल्न थाल्नुभयो । केही विद्यार्थी डरका कारण आतङ्कितसमेत बनेका थिए । उहाँहरूलाई शिक्षक, कर्मचारीले सहयोग गरेर भगाउनुभयो । त्यो समय एक छात्रालाई विद्यालयको स्वास्थ्य कक्षमा नर्सले परीक्षण गरिरहेकी थिइन् । विद्यालयभित्र रहेका सबै विद्यार्थी जीवित र सुरक्षित रूपमा बाहिर निस्कन सफल भयौं । तर, दुईजना कर्मचारी अझै बेपत्ता रहेको प्रधानाध्यापक दवाडीले बताउनुभयो । गैरशिक्षण कर्मचारी छुलरिम लामा उद्धारका क्रममा दवाडीको पछाडि हुनुहुन्थ्यो । उहाँ विद्यालयतर्फ फर्किएको हुन सक्ने र सम्भवतः कुनै ढोका बन्द गर्न गएको हुन सक्ने अनुमान गरिएको छ । त्यसैगरी निम्नमाध्यमिक तहका शिक्षक सन्तोष परियार शिक्षक आवासमा रहेको आफ्नो कोठामा भएको अनुमान गरिएको छ ।

### ७६ वर्ष पुरानो विद्यालय ध्वस्त

त्रिभुवन त्रिशूली माध्यमिक विद्यालय बाढी प्रभावित रसुवा, धादिङ र नुवाकोट जिल्लामध्ये सबैभन्दा पुरानो विद्यालय हो । विद्यालयमा कुल एक हजार ६ सय ४३ विद्यार्थी अध्ययनरत थिए । बाढीले विद्यालयको लगभग सम्पूर्ण सम्पत्ति नष्ट गरिदिएको छ । त्यसमा १८ कोठा भएको तीनतले भवनसमेत थियो । उक्त भवन वि.सं. २०७२ को भूकम्पपछि भारत सरकारको सहयोगमा निर्माण गरिएको थियो । विद्यालयको सम्पत्तिमध्ये अहिले दुईवटा बस मात्र बाँकी छन् । तीमध्ये एउटा बस पनि भारतीय दूतावासले उपलब्ध गराएको थियो । प्रधानाध्यापक दवाडीले भन्नुभयो, 'बाढीले सबै कुरा बगाइदियो । यसअघि पनि विभिन्न विपत्तिका समयमा भारत सरकारले सहयोग गरिरहेको थियो । यसपटक पनि भारतीय सरकारले हाम्रो विद्यालय पुनर्स्थापना गर्न सहयोग गर्नेछ भन्ने हामी आशावादी छौं ।'

दवाडीका अनुसार विद्यालयसँग भारतको सम्बन्ध वि.सं. २०७२ को भूकम्पभन्दा पनि अघिदेखिको हो । १८ कोठे भवन निर्माणको प्रस्ताव भूकम्प आउनुअघि नै स्वीकृत भइसकेको थियो । पछि भारतीय दूतावासको सहयोगमा तीनतले भवन निर्माण गरिएको थियो ।

### विद्यार्थीले सुनाए बाढीको त्रासदी

विद्यार्थीले आफ्नो विद्यालय आँखैअगाडि हराएको क्षणलाई अत्यन्तै डरलाग्दो रूपमा सम्झिएका छन् । कक्षा १० की विद्यार्थी सुनिता तामाङले टाइम्स अफ इन्डियालाई भन्नुभयो, 'हामी बिहानको प्रार्थनासभा (मर्निङ एसेम्बली) का लागि तयारी गर्दै थियौं । त्यही वेला शिक्षकले डाँडातिर दौडिन भन्दै चिच्याउन थाल्नुभयो । मैले आफ्नो झोला र किताब कक्षामै छोडें । डाँडाको माथिबाट तल हेर्दा नदीले हाम्रो खेलमैदान नै बगाइरहेको देख्नु निकै डरलाग्दो क्षण थियो । तर, मेरा सबै साथी सुरक्षित भएकोमा म खुसी छु ।' कक्षा १२ का विद्यार्थी रोहन श्रेष्ठले भन्नुभयो, ' बाढीलाई देख्नुअघि नै त्यसको आवाज सुनेका थियौं, हामीले हिलो आएको देख्नुअघि नै नदीको गर्जन निकै गहिरो बादल गर्जिएजस्तो सुनिएको थियो । शिक्षकले निकै छिटो सबैलाई छात्रावासबाट बाहिर निकालेर अग्लो स्थानमा पुर्‍याउनुभयो । अहिले विद्यालय पूरै हिलोले पुरिएको छ । हामीलाई कहिले फेरि कक्षामा फर्कन सक्छौं भन्ने थाहा छैन । तर, अस्थायी शिविरमा हामी एक-अर्काको हेरचाह गरिरहेका छौं ।'

शिक्षा मात्र होइन, सामान्य जीवनमा फर्कन पनि कक्षा सञ्चालन आवश्यक रहेको प्रधानाध्यापक दवाडीको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'विद्यालय छिटो सञ्चालन गर्नु शिक्षाका लागि मात्र होइन, विद्यार्थीलाई विपत्तिपछिको सामान्य जीवनमा फर्काउन पनि आवश्यक छ । आघातपछि बालबालिकाले फेरि आफ्ना साथी र शिक्षकलाई भेट्न पाउनु आवश्यक छ । उहाँहरूलाई केही हदसम्म नियमित दिनचर्यामा फर्काउनु पनि महत्त्वपूर्ण छ ।' अस्थायी विद्यालय सञ्चालनका लागि निजी घरको ठुलो कोठा, भाडामा लिइएको भवन, बेंक्वेट हल वा सरकारी भवन प्रयोग गर्न सकिने शिक्षकको धारणा छ । नगरपालिकाले पनि अस्थायी सिकाइ केन्द्र स्थापना गर्न सहयोग गर्न सक्ने उहाँहरूको अपेक्षा छ । 'विद्यालय अग्लो र सुरक्षित ठाउँमै हुनुपर्ने प्रधानाध्यापक दवाडीको एउटा कुरामा भने कुनै सम्झौता हुँदैन, विद्यालय अग्लो र सुरक्षित स्थानमा हुनुपर्छ,' उहाँले भन्नुभयो, 'सुरक्षित क्षेत्रमा हामी अस्थायी विद्यालय वा अस्थायी सिकाइ केन्द्र सञ्चालन गर्नेछौं । सम्भव भए भाडाका घर लिएर बालबालिकाको पढाइ कसरी निरन्तरता दिने भन्नेबारे सोच्नेछौं ।' तर, अहिलेको सबैभन्दा ठुलो समस्या भनेको आवागमन र सम्पर्क (कनेक्टिभिटी) हो ।

दवाडीका अनुसार विद्यालयका करिब ६५-७० प्रतिशत विद्यार्थी त्रिशूली नदीको एकतर्फ र ३०-३५ प्रतिशत विद्यार्थी अर्कोतर्फ बस्छन् । केही विद्यार्थी विद्यालयका बसमा निर्भर थिए भने केही विद्यालयआसपास भाडाको कोठामा बस्दै आएका थिए । केही विद्यार्थी विद्यालयकै छात्रावासमा पनि बस्ने गरेका थिए । नदीमाथिका आवागमनका संरचना बाढीले नष्ट गरेपछि बुधबारसम्म एउटै विद्यालयमा सँगै पढिरहेका बालबालिका अहिले त्रिशूली नदीका कारण एक-अर्काबाट छुट्टिएका छन् । प्रधानाध्यापक दवाडीले भन्नुभयो, 'अहिले सबैभन्दा महत्त्वपूर्ण कुरा आवागमनको सुविधा हो । यदि यहाँ बेलिब्रिज (अस्थायी फलामे पुल) निर्माण गर्न सकियो भने हामी निकै चाँडै विद्यालय पुनः सञ्चालन गर्न सक्छौं ।' ***(टाइम्स अफ इन्डियाका सम्वाददाता अग्रवालले बाढी प्रभावित क्षेत्र त्रिशूलीको स्थलगत अवलोकनपछि हामीलाई प्राप्त लेख)***

# गोसाइँकुण्ड मेलामा हिमालय उद्धार सङ्घद्वारा ६६० को उपचार
## लेक लागेर दुईजना तीर्थयात्रीको मृत्यु

**धुन्चे ।** रसुवा जिल्लाको उच्च हिमाली क्षेत्रमा अवस्थित पवित्र तीर्थस्थल गोसाइँकुण्डमा भदौ १२ गते सम्पन्न जनैपूर्णिमा मेलाका ६ सय ६० जनाभन्दा बढी तीर्थयात्रीको हिमालय उद्धार सङ्घले प्राथमिक उपचार गरेको छ ।

समुद्र सतहदेखि चार हजार तीन सय ८० मिटरको उचाइमा रहेको गोसाइँकुण्डमा धार्मिक यात्राका क्रममा स्वास्थ्यमा समस्या देखिएका तीर्थयात्रीलाई संघले अक्सिजनसहित प्राथमिक उपचार सेवा प्रदान गरेको थियो । उपचारका लागि आएका बिरामीमध्ये ६० जनालाई थप उपचारका लागि रिफर गरिएको हिमालय उद्धार सङ्घका संयोजक प्रकाश खत्रीले 'त्रिशूली प्रवाह' साप्ताहिकलाई जानकारी दिनुभयो । रिफर गरिएका बिरामीलाई सुरक्षा निकाय तथा सर्वसाधारणले सहयोग गरेर धुन्चे पुर्‍याइएको बताइएको छ । भदौ १० गतेको त्रिशूलीको बाढीले वेत्रावतीको फलाखु पुल बगाएपछि रिफर गरिएका धुन्चे पुगेका बिरामीलाई नेपाली सेनाको एमआई हेलिकोप्टरमार्फत हवाईमार्गद्वारा त्रिशूली पुर्‍याएको थियो ।



गोसाइँकुण्ड धार्मिक मेलामा सङ्घले विगत २७ वर्षदेखि स्वास्थ्य उपचार सेवा दिँदै आएको छ । यस वर्ष पनि सङ्घले अक्सिजनसहित एमबिबिएस चिकित्सकको टोली परिचालन गरी तीर्थयात्रीलाई उपचार सेवा प्रदान गरेको लाङ्टाङ राष्ट्रिय निकुञ्जले जनाएको छ । गोसाइँकुण्ड तीर्थयात्राका क्रममा लेक लागेर दुईजनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रसुवाले जनाएको छ । मृत्यु हुनेमा चितवनको भरतपुर महानगरपालिका- १३ का ७१ वर्षीय चोपकान्त न्यौपाने र काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिका- १ की ४१ वर्षीया सुभद्रा ढकाल रहेको जिल्ला प्रहरी प्रमुख अशोक थापाले जानकारी दिनुभयो । उच्च हिमाली क्षेत्रमा धार्मिक यात्राका क्रममा स्वास्थ्यमा समस्या आउन सक्ने भएकाले तीर्थयात्रीलाई आवश्यक सावधानी अपनाउन र स्वास्थ्यमा समस्या देखिए तत्काल उपचार लिन चिकित्सकले सुझाव दिएका छन् ।

## बाढीबाट बैंकका ...

निकाल्न समस्या भोगिरहेको गुनासा आएका छन् । यसले गर्दा घरबास गुमाएका मानिस सामान किनेर खान पनि नसक्ने अवस्थामा छन् । कतिपयका परिवारका सदस्य मृत वा बेपत्ता छन् । उहाँहरूका परिवारमा खाताको रकम हस्तान्तरण हुन कठिन हुँदा मानवीव सङ्कट झनै बढेको पीडितको गुनासो छ । बाढीबाट जोगिएका व्यक्तिका हकमा पनि परिवारको पैसा निकालेर जीवन धान्ने सम्भावना कमजोर बनेको उहाँहरूको गुनासो छ । यस्तै समस्या भोग्ने एक जना हुन् नुवाकोट बेत्रावतीका लक्ष्मण डङ्गोल । उहाँको परिवारका सदस्य र नातागोतासहित ७० जनाभन्दा धेरै मृत वा बेपत्ता छन् । घरबास सबै गुमेको छ । तर भागेर बाँच्न सफल भएका केही व्यक्तिलाइ समेत नयाँ ठाउँमा बसोबासको व्यवस्था गरिदिन उहाँलाई कठिन परेको छ । यसको एउटै कारण हो - बेत्रावतीको एनआइसी एसिया बैङ्कमा खाता खोलेर पैसा राखेको डङ्गोल परिवारले अहिले पैसा निकाल्नै सकेको छैन । परिवारका सबै जनाको नागरिकतासहितका सबै कागज प्रमाण भेलले बगाएर नष्ट गरिदिएपछि आफैंले पहिले बचत गरेको पैसासमेत निकालेर चलाउन नपाउने अवस्था देखिएको छ ।

सङ्कटका समयमा पनि बचत उपयोग गरेर जीवन धान्न कठिन परेको बाढी प्रभावितको गुनासो छ । यस्ता गुनासा गर्ने परिवारको सङ्ख्या ठुलो छ । नेपाल राष्ट्र बैङ्कका सूचना अधिकारी सुधा श्रेष्ठले यस्ता समस्या समाधानमा बैंक तत्पर रहेको बताउनुभयो । "अहिले डिजिटल जमाना छ । यस्तामा बैङ्कले कागजात नभए पनि हस्ताक्षर प्रमाणीकरण, बायोमेट्रिक प्रमाणीकरण जस्ता विधि अपनाएर भुक्तानी दिन सक्छन्", उहाँले भन्नुभयो, "यदि त्यसरी पनि प्रमाणीकरण हुन सकेन भने चाहिं के गर्ने भन्ने विषयमा बैङ्कले विभिन्न पक्षसँग छलफल गरिरहेको छ । छिट्टै स्पष्ट खाका आउला ।" यस्तो अवस्थामा चाहिं प्रहरी प्रतिवेदन वा स्थानीय सरकार (वडा) को नाता प्रमाणीकरण वा यस्तै विधिबाट समाधान निकाल्न सकिन्छ कि भनेर बैङ्कले छलफल गरिरहेको श्रेष्ठले जानकारी दिनुभयो । नेराबैंकका डेपुटी गभर्नर दीर्घबहादुर रावलले पनि आफूले पैसा राखेका बैङ्कका अन्य शाखाबाट निश्चित प्रमाणीकरणको प्रक्रिया अपनाएर रकम निकाल्न सकिने अवस्था रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी खाली एउटै कुरामा सचेत छौं - एक जनाको सम्पत्ति अर्कै व्यक्तिले निकालेर खान नसकोस् । यति कुरा प्रमाणित हुन सक्यो भने हामी जुनसुकै तरिकाले पनि सहजीकरण गरेर खातावाला वा हकदारलाई बैङ्कमा राखेको पैसा निकाल्ने सुविधा दिन तयार छौं ।"

## त्रिशूली बाढी : राहत ...

प्रहरी बललाई तथा विद्युत्गृहका सुरुङ र अन्य स्थानमा फसेकाको खोज तथा उद्धारका लागि नेपाली सेनालाई जिम्मेवारी दिएर कार्य विभाजन गरिएको जानकारी दिनुभयो। नेपाल प्रहरी तालिमप्राप्त कुकुरसहित प्रभावित क्षेत्रमा शवको खोजीमा जुटिरहेको छ। त्यसैगरी बाढीबाट प्रभावित विदुर, बेलकोटगढी र किस्पाङ पालिकाका प्रमुख, उपप्रमुखलाई अनुगमन तथा सम्बन्धित वडाध्यक्षलाई निगरानी गर्ने गरी खोलिएका अस्थायी बसोबास, शिविर सञ्चालनको जिम्मा दिइएको छ। सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहका प्रतिनिधि रहेको संयन्त्रमार्फत एकद्वार प्रणालीअनुसार आवश्यक क्षेत्रमा राहत वितरण भइरहेको पनि उहाँले जानकारी दिनुभयो। जिल्लामा पर्याप्त राहत सामग्री आएकाले विपत्ति प्रभावितलाई बस्न र खानाको समस्या नहुने जिकिर गरिएको छ।

सुरक्षाकर्मीले सुरक्षा दिइरहेको अस्थायी शिविरमा खान र बसोबासको उचित व्यवस्था गरिएसँगै स्वास्थ्यकर्मीका टोली खटाइएको छ। ती शिविरमा स्वास्थ्य जाँच र औषधि वितरण सुरु भइरहेको छ। शिविरमा खाना र बास तथा राहतका सामान नपुगेमा प्रहरी प्रशासनलाई जानकारी गराउनसमेत प्रजिअ रेग्मीले विपत् प्रभावितलाई आग्रह गर्नुभयो। बाढी आएको दिन अघिल्लो बुधबारदेखि विदुरबाट महिला र पुरुष गरी रसुवा-नुवाकोटका तीन हजार एक सयभन्दा बढी नेपालीको बुधबार मध्याह्नसम्म उद्धार गरिएको छ। त्यसैगरी उद्धार गरिएका विदेशीको सङ्ख्या दुई सय ५५ छ। शव निकालिएको सङ्ख्या बुधबारसम्म दुई सय नाघेको छ भने घाइतेको सङ्ख्या ७०, बेपत्ताको सङ्ख्या दुई हजार तीन सय ५० रहेकोसमेत उहाँले जानकारी दिनुभयो।

जिल्लाका सात स्थानबाट नेपाली सेनाले खोज तथा उद्धार र हरेक स्थानमा पुग्ने गरी विशेष टोली परिचालन गरेकोसमेत बताइएको छ। जिल्लामा बाढीबाट पुरिएका, बगेका, सडकको लेदो पन्छाउने कार्य तीव्र गतिमा भइरहेको छ। गल्छी-देवीघाट सडकखण्डको ठुलो खोला पुल तथा ढुङ्गेबजारदेखि तिरतिरे भिरसम्मको सडक मर्मत भइसकेको छ। सो सडकको वेत्रावतीसम्म मर्मत र तीन सय मिटर नदी कटानबाट बगेको स्थानमा वैकल्पिक सडक पहिचान भइरहेको छ। त्रिशूलीपारि क्षेत्र र रसुवा जोड्ने वैकल्पिक सडक सञ्चालनमा रहेकोसमेत उहाँले जानकारी दिनुभयो। त्रिशूली बाढीपछि पुरानै स्थानमा बग्न थालिसकेको र गहिरिँदै गएको प्राविधिकले जनाएका छन्।

## मन्त्री र सांसदको ...

र रसुवाले तङ्ग्रिएर अघि बढ्ने प्रयास गरिरहेको वेलामा गत बुधबारको बाढीले आधुनिक नेपालकै सबैभन्दा भयावह क्षति र पीडा दिएको छ। हुन त वि.सं. २०५० मा मकवानपुर, धादिङ र चितवनमा बाढीले भारी क्षति गरेको थियो। तर, अहिलेजस्तो मानवीय र भौतिक क्षति बाढीले आधुनिक नेपालको इतिहासलेखन सुरु भएयता रेकर्डमा छैन। लामटाङ हिमालको उत्तरतर्फको हिमाल चोइटिएर यो महाप्रलय आएको अहिलेसम्मको अध्ययनले देखाएको छ। यसले रसुवागढीबाट नेपाल पस्नुअघि नै चिनियाँ भन्सार, अध्यागमन कार्यालयलाई डुगनले जसरी एकैपटक लपेटेर सिनित्त बगायो। त्यसपछि भर्खरै सञ्चालनमा आएको बेलिब्रिज, नेपालतर्फको रसुवागढी भन्सार, अध्यागमन कार्यालयलगायत भएजतिका संरचना जे-जति भेटिन्छ ती सबै बढार्दै दक्षिणतर्फ लाग्यो। टिमुरे, स्याफ्रुबेँसी, हाकु, मैलुङ, सोलेबजार, वेत्रावतीमा आइपुग्दा यसले खर्बौं रुपैयाँको भौतिक क्षति मात्र नभएर हजारौं मानिसको ज्यान लियो। त्यसपछि अझै दक्षिण लाग्ने क्रममा तुप्चे, भैंसे, त्रिशूलीबजार, ढुङ्गे, देवीघाट हुँदै रातमाटेसम्म पुगेर यो बाढीले विलय नै गर्‍यो। जिल्ला प्रशासन कार्यालयले हिजो सार्वजनिक गरेको प्रतिवेदनअनुसार दुई हजार तीन सय ४९ जना नुवाकोटबाट मात्र बेपत्ता छन्। नुवाकोटमा एक सय ५५ वटा शव निकालिएको छ। नदी वारिपारि गराएर उद्धार गरिएकासमेतको सङ्ख्या तीन हजार दुई सय रहेको छ।

बाढीले गुल्जार बस्ती र व्यापार भएका सबै ठाउँ तहसनहस पारेको छ। रसुवागढीदेखि टिमुरे, स्याफ्रुबेँसी, सोले, वेत्रावती, अक्करे, भैंसे, त्रिशूली, ढुङ्गे, देवीघाटजस्ता बजार अब पूर्ववत् आउलान् कि नआउलान् ? एक दर्जन जलविद्युत् केन्द्र के होलान् ? यो सबैको चिन्ता र चासोको विषय बनेको छ। एक छिनअघिसम्म करोडौं सम्पत्ति र व्यवसायका मालिकले छिनभरमै सबथोक गुमाउनुजस्तो पीडा अरू के हुन्छ ? उनीहरूसँग केही छैन। बैंकमा राखेको भए त्यो बाँकी रह्यो। त्योभन्दा बाहेक न घर छ, न व्यवसाय, न त घर भएको जग्गा चिन्न सक्ने र कित्ताकाट गर्न सकिने अवस्थामै छ। बाढीमा परेर बित्ने त बिते। बाँच्नेको जीवन कसरी चल्ने ? सरकार आफैं आठ दिनसम्म उद्धारकै नाममा हेलिकोप्टर उडाएर र सुरुङ खोसलेर मात्र बसेको छ। पीडित होल्डिङ सेन्टरमा अनिश्चित भविष्य बोकेर भोलि के हुने भन्ने चिन्तामा छन्। सबै पीडितलाई थाहा छ- सरकारले उहाँहरूको जे-जति करोडौं क्षति भयो त्यो सबैको पूर्ति गर्न सक्दैन भनेर। किनकि भूकम्पको कहर र त्यसमा क्षति भएकाले पाएको क्षतिपूर्तितर्फ हेर्दा अहिले पनि त्योभन्दा बढी राहत पीडितलाई मिल्छ भनेर विश्वास गरिहाल्न सक्ने अवस्था छैन। राहतका नाममा बाँडिने केही लाख रुपैयाँले पीडितले व्यहोरेको क्षतिपूर्ति पुग्न सक्दैन।

संसारभरि जहाँजहाँ नेपाली पुगेका छन्, सरकारप्रति हौसिएर सहयोग गरिरहेका छन्। तर, त्यो सहयोग रकम उद्धार र पीडितका लागि काममा अझै आउन सकेको छैन। लाग्छ कि सरकार त्यो सहयोगलाई अँगालोमा हालेर एक दुई वर्षपछि ठुलो रकम भएपछि बाँड्ने तरखरमा छ। नेपालमा यस्ता प्रकोप पर्दा न हिजोको सरकार, न आजकै सरकारले जनताप्रति गम्भीर उत्तरदायित्व बहन गरेको महसुस जनताले गर्न पाएका छन्। आठ दिनसम्म हेलिकोप्टर उडाएर त्रिशूलीपारिकालाई वारि ल्याउनु र वारिकालाई पारि पुर्‍याउनु मात्र वास्तविक उद्धार होइन। सरकारी मान्छेका लर्कोले पीडितलाई उल्टै आहत बनाइरहेको छ। त्यसमाथि मिडिया भन्दै पीडितलाई प्रताडित गर्ने प्रश्न सोध्ने र कन्टेन्ट क्रिएट गर्नेको गिरोहले भने पीडा दिइरहेको छ। सरकारले पीडितसमक्ष आफ्नो उपस्थिति देखाउन सक्नुपर्छ। सरकारी उपस्थिति भनेको मन्त्रीका लर्को होइन। बस्ने, खाने, बच्चालाई पढ्न जाने, रोजगारीका अवसर दिनुपर्छ। नत्र भने जसरी १० वर्षसम्म बालाजुबाट रानीपौवा हुँदै त्रिशूली आउने काठमाडौँ-त्रिशूली सडकलाई पुनर्निर्माण नगरेर अलपत्र छाडेपछि जनता रिसाएर रास्वपालाई जिल्लाका दुवै सिट दिलाए। भोलि यी जनता रिसाए भने पाँच वर्षपछि किन कुर्नुपर्‍यो र आउँदो वर्ष हुने स्थानीय चुनावमै रास्वपा दिउँसो टर्च बालेर खोज्नुपर्ने अवस्था आउनेछ।

## बाढीबाट टिमुरेदेखि ...

होइन, ल्हेन्देखोलाको आसपास चीनतर्फ रहेका पूर्वाधारमा समेत ठुलो क्षति पुगेको बताइएको छ।

**व्यापारको मुख्य ढोका नै सङ्कटमा**

रसुवागढी नाका नेपाल र चीनबिचको व्यापारिक सम्बन्धको महत्त्वपूर्ण आधार हो। केरुङ हुँदै चीनबाट नेपाल भित्रिने ठुलो परिमाणको सामान यही नाकाबाट राजधानी काठमाडौँलगायत देशका विभिन्न भागमा पुग्छ। त्यस्तै, नेपालका व्यवसायी, आयातकर्ता, चालक, मजदुर र सीमावर्ती क्षेत्रका हजारौं नागरिकको आर्थिक गतिविधि पनि यही नाकासँग प्रत्यक्ष जोडिएको छ। टिमुरे र रसुवागढी क्षेत्रमा दिनहुँ ठुलो सङ्ख्यामा कन्टेनर तथा मालवाहक सवारीसाधनको आवतजावत हुने गरेको थियो। चीनको केरुङ बजारबाट सामान बोकेर नेपालतर्फ आउने र नेपालबाट विभिन्न वस्तु तथा सामग्री लिएर चीनतर्फ जाने व्यावसायिक गतिविधिले सीमावर्ती क्षेत्रमा होटेल, यातायात, ढुवानी, भन्सार, गोदाम, मजदुर, पसल तथा अन्य व्यवसायलाई चलायमान बनाएको थियो। तर, भदौ १० को बाढीले व्यापारिक जीवनको केन्द्रलाई क्षणभरमै उजाड बनाइदिएको छ। टिमुरे विद्यालयका प्रधानाध्यापक तथा स्थानीयवासी फुर्पुदोर्जे तामाङका अनुसार बाढी आउनुअघि टिमुरे क्षेत्रमा केरुङ जान र केरुङबाट नेपालतर्फ सामान बोकेर आएका ठुलो सङ्ख्याका कन्टेनर तथा सवारीसाधन देखिन्थे। तर, बाढीले टिमुरे क्षेत्रका बलिया बस्तीसमेत बगाएपछि ती कन्टेनर, सवारीसाधन र तिनमा रहेका चालकसमेत बाढीमा परेको आशङ्का छ। बाढीपछि चीनबाट आयात गरिएका ठुलो सङ्ख्याका विद्युतीय कारसमेत बगाएको भन्सार कार्यालय रसुवाले जनाएको छ। यसले विपत्तिको असर स्थानीय बस्तीमा मात्र नभई करोडौं रुपैयाँबराबरको व्यापारिक सम्पत्तिमा समेत परेको देखाउँछ।

**नेपाल-चीन सम्बन्धमा सीमाको महत्त्व**

रसुवागढी नाका नेपाल र चीनबिचको मैत्रीपूर्ण सम्बन्धको एउटा महत्त्वपूर्ण प्रतीक पनि हो। हिमालयको कठिन भूगोललाई छिचोल्दै दुई देशबिच मानिस, सामान, पर्यटन र आर्थिक गतिविधिको आवागमन गराउने यस नाकाले पछिल्ला वर्षमा थप महत्त्व पाउँदै आएको थियो। नेपालका लागि चीन प्रमुख व्यापारिक साझेदारमध्ये एक हो। चीनसँगको व्यापारिक सम्बन्धलाई थप विस्तार गर्न उत्तरी नाकाको पूर्वाधार विकास, सडक सञ्जाल विस्तार र सीमावर्ती क्षेत्रको क्षमता अभिवृद्धि आवश्यक छ। तर, प्राकृतिक विपत्तिले बारम्बार यही क्षेत्रमा पूर्वाधार कमजोर बनाइदिँदा नेपाल-चीन व्यापारको निरन्तरतामै प्रश्न उठ्ने गरेको छ। यस्तो अवस्थामा नाकाको पुनर्निर्माण केवल स्थानीय सडक, घर वा भन्सार कार्यालय बनाउने विषय मात्र होइन। यो दुई देशबिचको व्यापारिक तथा आर्थिक सम्बन्धलाई निरन्तरता दिने राष्ट्रिय प्राथमिकताको विषय हो।

**रसुवागढी किन महत्त्वपूर्ण**

रसुवागढी नाका केवल एउटा भन्सार कार्यालय वा सीमा पार गर्ने स्थान होइन। यो नेपाल र चीनबिचको आर्थिक तथा कूटनीतिक सम्बन्धलाई जोड्ने महत्त्वपूर्ण स्थल हो। काठमाडौँलाई केरुङसँग जोड्ने छोटो अन्तर्राष्ट्रिय व्यापारिक मार्गका रूपमा यसको महत्त्व बढ्दै गएको छ। चीनसँगको व्यापार विस्तार, पर्यटन प्रवर्द्धन, उत्तरी क्षेत्रमा पूर्वाधार विकास र नेपाललाई चीनसँग जोड्ने वैकल्पिक अन्तर्राष्ट्रिय व्यापारिक मार्गका दृष्टिले पनि रसुवागढीको रणनीतिक महत्त्व ठुलो छ। रसुवागढी नाकाबाट हुने व्यापारले रसुवा मात्र होइन, काठमाडौं उपत्यका, नुवाकोट, धादिङलगायत विभिन्न जिल्लाका व्यवसायी तथा उपभोक्तालाई प्रत्यक्ष प्रभाव पार्छ। चीनबाट आउने विद्युतीय सवारीसाधन, इलेक्ट्रोनिक सामग्री, निर्माण सामग्री, कपडा, फलफूललगायत विभिन्न वस्तुको आयातमा यो नाका महत्त्वपूर्ण बन्दै आएको छ। नाकाको गतिविधिले स्थानीयस्तरमा पनि रोजगारी सिर्जना गरेको थियो। होटेल तथा रेस्टुरेन्ट, यातायात, कन्टेनर ढुवानी, लोड-अनलोड, गोदाम, भन्सारसम्बन्धी सेवा, खुद्रा तथा थोक व्यापारलगायत सयौं व्यवसाय यसै नाकाको गतिविधिमा निर्भर थिए। त्यसैले अहिले आएको बाढीले सडक र कार्यालय मात्र बगाएको छैन, सीमा व्यापारमा आधारित एउटा ठुलो स्थानीय अर्थतन्त्रलाई नै गम्भीर धक्का दिएको छ।

**सात सय ५० घर बगेसँगै सयौं सम्पर्कविहीन**

गोसाईंकुण्ड- २ का पूर्वअध्यक्ष दावादोर्जे तामाङका अनुसार चीनको तिब्बततर्फ हिमताल फुटेर आएको भनिएको बाढीले टिमुरे तथा घट्टेखोलाका दुई गाउँका करिब सात सय ५० घर बगाएको अनुमान गरिएको छ। विदेशमा रहेका तथा काठमाडौंमा बसोबास गरिरहेका व्यक्तिलाई अलग राख्दा स्थानीयस्तरमा एक सय ४६ जना र बसाइँसराइ गरेर आएका ४६ जना गरी जम्मा एक सय ९२ जना सम्पर्कविहीन रहेको प्रारम्भिक अनुमान गरिएको उहाँले बताउनुभयो। बाढीबाट उद्धार गरिएका टिमुरेका ६८ जना बासिन्दालाई काठमाडौंको स्वयम्भूनजिकै रहेको एल्लो गुम्बामा राखिएको जानकारीसमेत उहाँले दिनुभयो। यद्यपि, बाढीको वास्तविक क्षतिको पूर्ण विवरण अझै सङ्कलन भइनसकेकाले सम्पर्कविहीन व्यक्तिको सङ्ख्या बढ्न वा घट्न सक्ने अवस्था छ। पहाडी तथा नदीकिनारका बस्तीमा सञ्चार तथा यातायात सम्पर्कसमेत प्रभावित भएकाले आफन्तसँग सम्पर्क हुन नसकेका मानिसको यकिन अवस्था पत्ता लगाउन कठिन भइरहेको छ।

**सुरक्षाकर्मीका संरचना पनि बाढीमा**

विपत्तिको समयमा नागरिकको उद्धारमा खटिनुपर्ने सुरक्षा निकायसमेत बाढीको प्रत्यक्ष चपेटामा परेको छ। जिल्ला प्रशासन कार्यालय रसुवाका सूचना अधिकारी एवम् सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीका अनुसार रसुवागढी, टिमुरे, स्याफ्रुबेँसी तथा मैलुङलगायत क्षेत्रमा ड्युटीमा रहेका नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका सुरक्षाकर्मीसमेत प्रभावित भएका छन्। उहाँका अनुसार नेपाली सेनाका ४४, नेपाल प्रहरीका २८ र सशस्त्र प्रहरीका १३ जना गरी ठुलो सङ्ख्यामा सुरक्षाकर्मी सम्पर्कविहीन वा विस्थापित भएको जानकारी प्राप्त भएको छ। जिल्ला प्रहरी कार्यालयका अनुसार भूकम्पपछि पुनर्निर्माण गरिएका टिमुरे इलाका प्रहरी कार्यालय, स्याफ्रुबेँसी, बेत्रावती, मैलुङ तथा रसुवागढीलगायतका प्रहरी चौकीसमेत बाढीले बगाएको छ। स्वास्थ्य संस्था, गोसाईंकुण्ड गाउँपालिकाका प्रमुख प्रशासकीय भवन तथा अन्य सरकारी एवम् गैरसरकारी कार्यालयसमेत बाढीको चपेटामा परेका छन्। रसुवागढीको टिमुरेमा सशस्त्र प्रहरीको भवन उच्च स्थानमा रहेकाले जोगिएको छ।

**जलविद्युत् आयोजनामा ठुलो असर**

रसुवागढी क्षेत्रमा रहेको १११ मेगावाटको रसुवागढी जलविद्युत् केन्द्रमा समेत बाढीले गम्भीर असर पारेको छ। आयोजनाका इन्जिनियर टीका पौडेलले केन्द्रका प्रमुख सन्तोष अधिकारीसहित कार्यरत ५१ जना तथा ठेकेदार कम्पनीका समेत जम्मा ९३ जनासमेत हराइरहेको जानकारी दिनुभएको छ। त्यस्तै, टिमुरे आधारभूत विद्यालयकी शिक्षिका तथा साबिक भोर्ले- ४, खाल्चेतनिवासी कविता न्यौपानेसहित सातजना शिक्षकसमेत सम्पर्कविहीन हुनुभएको पौडेलले जानकारी दिनुभयो। शिक्षक, कर्मचारी, मजदुर, चालक, व्यापारी तथा स्थानीय नागरिक सबै एउटै प्राकृतिक विपत्तिको चपेटामा परेका छन्। यसले बाढीको प्रभावको वास्तविक गहिराइ देखाउँछ।

**शव सङ्कलन र पहिचानको काम जारी**

बाढीपछि बेपत्ता मानिसको खोजी तथा शव सङ्कलन कार्यलाई प्राथमिकतामा राखिएको छ। जिल्ला प्रहरी प्रमुख अशोक थापाका अनुसार मंगलबार साँझसम्म वेत्रावतीबाट १२, टिमुरेबाट ९७ र स्याफ्रुबेँसीबाट १० गरी जम्मा ११९ वटा शव फेला परेका थिए। तीमध्ये ६ वटा शवको मात्र पहिचान खुलेको जानकारी प्रहरीले दिएको छ। शवको सङ्ख्या र पहिचानको प्रक्रिया अझै जारी रहेकाले मृतकको अन्तिम सङ्ख्या यकिन हुन बाँकी छ। शव सङ्कलनमा ढिलाइ हुँदा वातावरणमा दुर्गन्धले असर पुर्‍याएको छ। जिल्ला प्रशासन कार्यालयले सम्पर्कविहीन भएका व्यक्तिको खोजी तथा पहिचानका लागि आफन्तलाई उहाँहरूको हुलिया विवरण उपलब्ध गराई सहयोग गर्न आग्रह गरेको छ।

**बगायो पुरानो बजारदेखि नयाँ बस्ती**

गोसाईंकुण्ड- ६ को कार्यालयका अनुसार साबिक स्याफ्रु- १ को पुरानो बजार क्षेत्रमा मात्रै २९ जना सम्पर्कविहीन रहेको जानकारी प्राप्त भएको छ। कोमिनतर्फ पर्ने साबिक- ९ सडकतर्फको बजार क्षेत्रको तथ्याङ्क भने सङ्कलन भइरहेको जनाइएको छ। बाढीबाट गोसाईंकुण्ड गाउँपालिकाकी उपाध्यक्ष प्रतिमा तामाङ पनि सम्पर्कविहीन हुनुभएको उहाँका पिता कर्नेल तामाङले जानकारी दिनुभयो। गोसाईंकुण्ड- ५ का वडाध्यक्ष दावा मिङ्मार तामाङ र गाउँपालिकाका लेखा अधिकृत कैसाङ तामाङ (धुन्चे रिसवाङ्दीको छोरा) पनि हराइरहेको स्थानीयले बताएका छन्। बाढीले केवल नदीको किनारमा रहेका केही घरलाई मात्र नभई वर्षौंदेखि व्यापारिक तथा आवासीय केन्द्रका रूपमा विकास भएका पुरानो बजारसमेत पूर्ण रूपमा ध्वस्त भएको छ।

**चालक र कन्टेनरको अवस्था अन्योलमा**

रसुवागढी-केरुङ व्यापारिक मार्गमा निर्भर यातायात व्यवसाय पनि बाढीबाट ठुलो सङ्कटमा परेको छ। टाटासुमो यातायात प्रालिका सञ्चालक साधुराम खड्काका अनुसार यात्रु बोकेर गएका दर्जनौं चालकसमेत बेपत्ता भएको जानकारी प्राप्त भएको छ। टिमुरे क्षेत्रमा सामान लिनका लागि केरुङ जाने तथा केरुङबाट सामान बोकेर नेपाल आउने सयौं कन्टेनर र मालवाहक सवारीसाधन नियमित रूपमा सञ्चालनमा थिए। बाढी आएको समयमा सडक तथा बजार क्षेत्रमा रहेका सवारीसाधनको अवस्था अझै पूर्ण रूपमा यकिन हुन सकेको छैन। क्षतिको विवरण लिने काम अगाडि बढिरहेको छ। यसले आगामी दिनमा व्यापारिक मालसामानको क्षति, सवारीसाधनको क्षति र चालक तथा मजदुरको अवस्थाबारे थप विवरण आउनेछ।

**भन्सार संरचना ध्वस्त**

बाढीले रसुवागढीको टिमुरेमा निर्माणाधीन एकीकृत दुईवटा भवन र भन्सार कार्यालय सञ्चालन भइरहेको भवन तथा भन्सार यार्डसमेत बगाएको प्रमुख भन्सार अधिकृत राजेन्द्र ढुङ्गानाले जानकारी दिनुभयो। भन्सार कार्यालयका करिब १५ कर्मचारी सम्पर्कविहीन रहेको जानकारीसमेत उहाँले दिनुभयो। बाढीले सो क्षेत्रमा रहेको प्लान्ट क्वारेन्टाइनका तीन कर्मचारीसमेत बेपत्ता भएको कार्यालय प्रमुख नवीन शर्माले 'त्रिशूली प्रवाह' साप्ताहिकलाई जानकारी दिनुभयो। यसरी हेर्दा बाढीले निजी घर तथा बस्ती मात्र होइन, नेपाल-चीन व्यापार सञ्चालन गर्ने राज्यका प्रमुख संयन्त्रलाई समेत प्रत्यक्ष क्षति पुर्‍याएको छ।

**गत वर्षको चेतावनी**

रसुवाले यसपटक मात्र यस्तो विपत्ति भोगेको होइन। गत वर्ष असार २४ गते आएको विनाशकारी बाढीले समेत भोटेकोशी तथा आसपासका क्षेत्रमा ठुलो क्षति पुर्‍याएको थियो। त्यसपछि पुनः सोही वर्षको साउन १४ गते आएको बाढीले उत्तरी रसुवाका पूर्वाधारमा थप क्षति पुर्‍याएको थियो। गत वर्षको बाढीबाट क्षति पुगेका भौतिक संरचना पूर्ण रूपमा पुनर्निर्माण तथा सुरक्षित रूपमा व्यवस्थापन हुन नपाउँदै फेरि ठुलो विपत्ति आउनुले सीमावर्ती क्षेत्रको पूर्वाधार निर्माणमा दीर्घकालीन सोच आवश्यक रहेको देखाएको छ। हरेक वर्ष बाढी आएपछि सडक खुलाउने, अस्थायी संरचना बनाउने र तत्कालीन क्षति मर्मत गर्ने परम्पराले मात्र समस्या समाधान नहुने स्थानीयको भनाइ छ। ल्हेन्देखोला, भोटेकोशी तथा त्रिशूली नदी प्रणालीसँग जोडिएका बस्ती र व्यापारिक केन्द्रको जोखिमको वैज्ञानिक अध्ययन गरी जोखिमयुक्त बस्तीको व्यवस्थापन, नदी नियन्त्रण, सुरक्षित सडक, पुल तथा व्यापारिक पूर्वाधार निर्माण गर्नुपर्ने आवाज सरोकारवाला निकायले उठाएका छन्।

**विनाशै-विनाश**

बाढीको प्रभाव जिल्लाको उत्तरतर्फको रसुवागढी र टिमुरेमा मात्र सीमित रहेन। तीव्र बहाबले दक्षिणतर्फ स्याफ्रुबेँसी, पहिरेबेँसी, खाल्टे, कैदलटार हुँदै वेत्रावतीसम्मको तटीय क्षेत्रलाई समेत प्रभावित बनाएको छ। दक्षिणी रसुवाका प्रभावित बासिन्दामध्ये वेत्रावती तथा कैदलटार क्षेत्रका विस्थापित काठमाडौंको तार्केश्वर नगरपालिका क्षेत्रमा रहेको शान्तिटोलमा आश्रय लिइरहेको समाजसेवी वासु लामिछानेले जानकारी दिनुभयो। टिमुरे र स्याफ्रुबेँसीका विस्थापितमध्ये केहीलाई काठमाडौंको स्वयम्भूनजिकै एलो गुम्बामा राखिएको छ। विपत्तिपछि विभिन्न सहयोगी व्यक्ति तथा संस्थाबाट खाद्यान्नलगायत राहत सामग्री उपलब्ध हुन थालेको छ। साहरा नामक गैरसरकारी संस्था तथा नेपाल टुगेदर संस्थालगायतले राहत सहयोग गरिरहेको संस्थाका प्रवक्ता थापाले जानकारी दिनुभएको छ।

**पुनर्विचारपछि पुनर्निर्माण**

भदौ १० को बाढीले एउटा महत्त्वपूर्ण प्रश्न खडा गरेको छ- अब रसुवागढी र टिमुरे क्षेत्रको पुनर्निर्माण पुरानै ढाँचामा गर्ने कि भविष्यको जोखिमलाई ध्यानमा राखेर नयाँ ढङ्गले गर्ने ? अहिले क्षतिग्रस्त सडक, पुल, भन्सार, प्रहरी कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, होटेल, घर तथा व्यापारिक संरचना पुनः निर्माण गर्नुपर्ने अवस्था छ। तर, बाढीको सम्भावित जोखिमलाई बेवास्ता गरेर पुरानै ठाउँमा उस्तै संरचना बनाइयो भने अर्को विपत्तिले फेरि त्यही संरचना बगाउने जोखिम रहन्छ। त्यसैले अब पुनर्निर्माणसँगै भूगर्भीय अध्ययन, नदीको बहाब क्षेत्र निर्धारण, बस्तीको जोखिम मूल्याङ्कन र सुरक्षित स्थानमा महत्त्वपूर्ण पूर्वाधार निर्माणलाई प्राथमिकता दिन आवश्यक छ।

**व्यापारका लागि नाका संरक्षण**

रसुवागढी नाका बन्द हुँदा त्यसको असर रसुवामा मात्र पर्दैन। चीनबाट आयात हुने सामानको आपूर्ति, व्यापारीको कारोबार, ढुवानी व्यवसाय, रोजगारी, सरकारी राजस्व र उपभोक्तासम्मको आपूर्ति प्रणालीमा यसको प्रत्यक्ष प्रभाव पर्छ। यसैले रसुवागढीको पुनर्स्थापना स्थानीय आवश्यकता मात्र होइन, राष्ट्रिय आर्थिक आवश्यकता पनि हो। नेपाल-चीनबिचको व्यापारिक सम्बन्धलाई अझ बलियो बनाउने हो भने प्राकृतिक विपत्तिबाट नाका र त्यसतर्फ जाने सडकलाई सुरक्षित बनाउनु आवश्यक छ। सीमावर्ती क्षेत्रको पूर्वाधारलाई सामान्य ग्रामीण सडक वा स्थानीय संरचनाको मापदण्डबाट मात्र हेरेर पुग्दैन। यो अन्तर्राष्ट्रिय व्यापारिक मार्ग भएकाले त्यसैअनुसारको दीर्घकालीन र दिगो पूर्वाधार आवश्यक छ।

**प्रभावितको एउटै प्रश्न**

बाढीपछि टिमुरे सुनसान छ। व्यापारिक गतिविधिले भरिने सडकमा कन्टेनरका लस्कर लाग्ने स्थान अहिले बगरमा परिणत भएको छ। तटीय बस्तीमा चहलपहल छैन। कतिपय परिवार आफ्ना आफन्तको खोजीमा छन्। जिल्लाबाट विस्थापित भएर कतिपय काठमाडौं पुगेका छन्। सरकारी कार्यालयका संरचना छैनन्। सुरक्षा निकायका चौकी बगेका छन्। व्यापारिक सम्पत्ति र निजी घरबार पूरै क्षति भएको छ। तर, यो केवल विनाशको कथा होइन। यो पुनर्निर्माणको अवसर पनि हो। भोटेकोशीको बहाबसँगै बगेका घर र संरचना फेरि बनाउन सकिन्छ। सडक पुनः खोल्न सकिन्छ। भन्सार कार्यालय पुनर्निर्माण गर्न सकिन्छ। व्यापारिक गतिविधि पुनः सञ्चालन गर्न सकिन्छ। तर, बाढीमा ज्यान गुमाएका मानिस र विस्थापित परिवारले भोगेको पीडा भने फर्काउन सकिँदैन। त्यसैले अबको प्राथमिकता बेपत्ताको खोजी, शवको पहिचान, पीडित परिवारको राहत तथा पुनर्स्थापना र सुरक्षित पुनर्निर्माण हुनुपर्छ।

रसुवागढी नाका नेपाल-चीन सम्बन्धको आर्थिक ढोका हो। यो ढोका प्राकृतिक विपत्तिका कारण बन्द हुन नदिन अब राज्यले तत्कालीन राहतसँगै दीर्घकालीन जोखिम न्यूनीकरणको योजना बनाउनुपर्ने समय आएको छ। गत वर्ष असार २४ र साउन १४ को बाढीले दिएको चेतावनीलाई बेवास्ता गर्दै अघि बढ्दा यस वर्षको ठुलो जनधनको क्षति व्यहोर्नुपर्‍यो। अब टिमुरेदेखि वेत्रावतीसम्मको पुनर्निर्माण केवल भत्किएका संरचना जोड्ने काम हुनुहुँदैन। भविष्यमा फेरि यस्तो विपत्ति आउँदा मानवीय क्षति न्यून होस्, व्यापारिक नाका सुरक्षित रहोस् र नेपाल-चीनबिचको आर्थिक सम्बन्ध अवरुद्ध नहोस् भन्ने आधारमा नयाँ रसुवाको निर्माण गर्नुपर्ने चुनौती राज्यसामु खडा भएको छ।

## 'म'बाट ...

छोरीले तिर्न सक्छन्। यदि संसद् निरन्तर अवरोधमा रह्यो भने विकासको गति प्रभावित हुन्छ। यदि नीति बारम्बार बदलियो भने लगानीकर्ताको विश्वास घट्छ। यदि राजनीतिक अस्थिरता बढ्यो भने निजी क्षेत्रको निर्णय प्रभावित हुन्छ। यदि प्रशासनमा हस्तक्षेप बढ्यो भने सेवा प्रवाह कमजोर हुन्छ। यदि सार्वजनिक संस्थामाथि विश्वास घट्यो भने युवाको निराशा बढ्छ। यदि देशमा अवसरको विश्वास घट्यो भने विदेश पलायन बढ्छ। अन्ततः यसको प्रभाव हाम्रो आफ्नै परिवारमा पर्छ।

हामी राजनीतिक प्रतिस्पर्धा गरौं। सरकारको आलोचना गरौं। संसद्मा प्रश्न गरौं। भ्रष्टाचार भए उजागर गरौं। गलत नीति सच्याउन दबाब दिऔं, तर देशको संस्थागत क्षमता र भविष्यलाई ध्वस्त पारेर राजनीतिक लाभ खोज्ने संस्कारलाई स्वीकार नगरौं। आजको राजनीतिक जित पाँच वर्षको हुन सक्छ, तर गलत राजनीतिक संस्कारको मूल्य पुस्तौंसम्म तिर्नुपर्ने हुन सक्छ। त्यसैले आज हामीले गर्ने निर्णयबारे भोलिका छोराछोरीले प्रश्न गर्न सक्छन् जस्तै, 'तपाईंहरूलाई देश बनाउने अवसर थियो, तपाईंहरूले किन एक-अर्कालाई रोकिरहनुभयो ?' त्यो प्रश्नको उत्तर दिन हामीसँग के हुनेछ ? आफ्ना छोराछोरीको भविष्यलाई राजनीतिभन्दा माथि राखौं, हामी आफ्ना छोराछोरीलाई राम्रो शिक्षा दिन चाहन्छौं, राम्रो जागिर चाहन्छौं, राम्रो स्वास्थ्य चाहन्छौं, सुरक्षित जीवन चाहन्छौं। हामी चाहन्छौं- उनीहरू विदेश गए पनि अवसरका लागि जाऊन्, बाध्यताका कारण होइन। तर, हामीले उहाँहरूका लागि कस्तो राज्य निर्माण गरिरहेका छौं ? यदि हामीले आज संस्थालाई कमजोर बनायौं भने उहाँहरूले भोलि कमजोर संस्था पाउनुहुनेछ। यदि हामीले आज भ्रष्टाचारलाई सामान्य बनायौं भने उहाँहरूले भोलि भ्रष्टाचारसँग सम्झौता गर्नुपर्ने समाज पाउनुहुनेछ। यदि आज योग्यताभन्दा पहुँच ठुलो बनायौं भने भोलि उहाँहरूको योग्यता पनि पर्याप्त नहुन सक्छ। यदि आज कानुनलाई आफ्नो सुविधाअनुसार प्रयोग गर्‍यौं भने भोलि उहाँहरूले पनि न्याय खोज्दा त्यही अन्याय भोग्नुपर्नेछ। यदि आज सार्वजनिक सम्पत्तिलाई लुट्ने संस्कारलाई सामान्य बनायौं भने भोलि उहाँहरूका लागि सार्वजनिक सम्पत्ति बाँकी नहुन सक्छ। त्यसैले देश निर्माण कुनै अमूर्त राष्ट्रवादी भाषण होइन। देश निर्माण भनेको आफ्ना छोराछोरीका लागि राम्रो संस्थागत भविष्य छोड्नु हो।

हामीले राजनीतिक दललाई होइन, राजनीतिक संस्कारलाई बदल्नुपर्छ, कुनै पनि लोकतन्त्रमा राजनीतिक दल आवश्यक छन्। दलविना प्रतिनिधित्व कमजोर हुन्छ, विचारको प्रतिस्पर्धा कमजोर हुन्छ, नीति-निर्माण कमजोर हुन्छ, त्यसैले राजनीतिक दल समाप्त हुनुपर्छ भन्ने होइन, बरु दलहरू अझ जिम्मेवार, पारदर्शी र लोकतान्त्रिक बन्नुपर्छ, तर दलभन्दा माथि राष्ट्रको हित राख्ने नागरिक चेतना चाहिन्छ, मेरो दलले गरेको राम्रो काम म समर्थन गर्छु, मेरो दलले गरेको गलत काम म विरोध गर्छु, अर्को दलले गरेको राम्रो काम पनि म स्वीकार गर्छु, अर्को दलले गरेको गलत कामको पनि म आलोचना गर्छु, यही लोकतान्त्रिक परिपक्वता हो। यदि हामीले 'मेरो दल सही, अर्को दल गलत' भन्ने चस्माबाट मात्र देश हेर्ने हो भने सत्य हाम्रो आँखाअगाडि भए पनि देखिँदैन। देशलाई दलले होइन, सत्यले नेतृत्व गर्नुपर्छ, नयाँ पुस्तालाई केवल आक्रोश होइन, निर्माण चाहिन्छ, आजको पुस्ता धेरै सचेत छ, उसले संसार देखेको छ, प्रविधि प्रयोग गर्छ, विश्वका विकासका मोडल हेर्छ, सरकारका कमजोरी तुरुन्त देख्छ, सामाजिक सञ्जालबाट आवाज उठाउन सक्छ, यो ठुलो शक्ति हो, तर आक्रोश मात्र पर्याप्त छैन, पुरानो पुस्ताले गल्ती गर्‍यो भनेर नयाँ पुस्ता स्वतः सही हुँदैन, नयाँ पुस्ताले पनि आफूलाई प्रश्न गर्नुपर्छ- म के निर्माण गर्न सक्छु ? म कुन सिप सिक्दै छु ? म कति उत्पादनशील छु ? म सार्वजनिक जीवनमा कति इमानदार छु ? म सामाजिक सञ्जालमा तथ्य जाँच गर्छु कि अफवाह फैलाउँछु ? म आलोचना गर्छु कि समाधान पनि दिन्छु ? म नेतृत्व खोज्छु कि नेतृत्व गर्न तयार छु ? नयाँ पुस्ताले 'हामीलाई के दियो' मात्र होइन 'हामीले के बनायौं' भनेर पनि सोध्नुपर्छ। *(लेखक बैंकर हुनुहुन्छ।) लिखु- १ ढिकुरे, नुवाकोट*

# जब एकाएक त्रिशूली बन्यो भयानक



❑ श्रीराम श्रेष्ठ

त्रिशूली एक्कासि महाकालको स्वरूपमा ब्युँझियो। केही क्षणअघिसम्म शान्त अनि शालीन बगिरहेको नदीलाई हेर्दाहेर्दै यस्तो लाग्यो- मानौं उसले आफ्नो युगौं पुरानो आत्मीयता र परिचय नै एकाएक बिर्सियो। पानीको रङ विषाक्त धमिलोमा बदलियो, बहाबमा अस्वाभाविक विकरालता भरियो र नदीको सुसाई बिस्तारै यस्तो गगनभेदी गर्जनमा परिणत भयो, जसले सम्पूर्ण तटीय क्षेत्रलाई नै स्तब्ध बनायो। त्यो प्रलयङ्कारी ध्वनि अहिले पनि मेरो मुटुमा ढुकढुक गरिरहेको छ। त्यो दिन म त्रिशूलीनजिकै बट्टारमा थिएँ। बिहानी सामान्य नै थियो। मानिस आफ्नै दैनिकीमा तल्लीन थिए। नदी पनि हामीले वर्षौंदेखि साक्षात देख्दै आएको प्रिय सहयात्रीझैं बगिरहेको थियो। तर, अचानक माथिल्लो भेगबाट भयानक बाढी ओर्लँदै गरेको खबर आयो। सूचना पाउनासाथ हाम्रा गोडा आफैं नदीकिनारतिर मोडिए। के भइरहेछ भनेर सोच्ने र पर्खिने छुट हामीलाई समयले दिएको थिएन। त्रिशूलीको असामान्य चाल र मातिएको बहाबले सङ्कट सन्निकट रहेको स्पष्ट सङ्केत दिइसकेको थियो। हामीसँग सम्भवतः केही मिनेट मात्र बाँकी थिए। त्यही सङ्कटापन्न समयमा हामीले सकेसम्म धेरै मानिसलाई खबर गर्न प्राणप्रणले प्रयास गर्‍यौं। नदीका पछाडि सजिएका घर, पसल र बस्तीका बासिन्दालाई तत्काल सुरक्षित उच्च स्थानतर्फ भाग्न आर्तनाद गर्‍यौं।

एकाएक नदीमा भयानक जल प्रलय देखियो। मैले जीवनमा देखेको सबैभन्दा बीभत्स र भयानक नदी दृश्य त्यही थियो। त्यो केवल पानीको बहाब मात्र थिएन, मानौं सिङ्गो पहाड नै भत्किएर नदीको रूप लिई उर्लिएको थियो। धमिलो भेलसँगै विशाल ढुङ्गा, गेग्रान, उखेलिएका रुख र हिउँका डल्ला तीव्र गतिमा बग्दै थिए। त्रिशूलीको गर्जन यति विकराल थियो कि मानिसका चिच्याहट र आतङ्कका आवाज त्यही चीत्कारभित्र बिलाए। हामीले हेर्दाहेर्दै नदीले आफ्ना सीमा भत्काउन थाल्यो। वर्षौंको श्रम र पसिनाले ठडिएका घर, पसल, सडक र पुल तासको पत्ताझैं बग्दै एकैछिनमा विलीन भए। त्यो दृश्यले मानिसले प्रकृतिमाथि गर्ने दम्भ कति तुच्छ र कमजोर रहेछ भन्ने निर्दयी सत्य छर्लङ्ग पारिदियो। हामी घर बनाउँछौं, पहाड खोपेर सडक र पुल ठड्याउँछौं, नदीमाथि बाँध बाँधेर आफूलाई सृष्टिको मालिक सम्झन्छौं। तर, प्रकृतिले आफ्नो असाधारण शक्ति देखाएको एउटै क्षण काफी हुँदोरहेछ मानवनिर्मित भौतिक साम्राज्यलाई केही मिनेटमै भग्नावशेषमा परिणत गरिदिन।

तिब्बततर्फबाट सिर्जित भोटेकोशीको त्यो विपत्ति तल त्रिशूलीसम्म पुग्दा महाप्रलय बनिसकेको थियो। रसुवाको टिमुरे र स्याफ्रुबेँसीदेखि नुवाकोटको त्रिशूली, ढुङ्गे र देवीघाटसम्म यसले विनाशको ताण्डव रच्यो। कतिपय स्थानमा बाढीले संरचना मात्र बगाएन, भूगोल र बस्तीको पुरानो नक्सा नै मेटिदियो। पुराना, नयाँ व्यापारिक केन्द्र ध्वस्त भए, विद्यालय, होटेल र निजी सम्पत्ति माटोमा मिले। चीनसँगको मुख्य व्यापारिक नाका र उत्तरी सीमाको सम्पर्क सूत्र छिन्नभिन्न भयो। तर, क्षतिको हिसाब केवल बगेका घर, भत्किएका पुल वा ध्वस्त सडकको मिटरमा मात्र गर्‍यौं भने हामीले यो विपत्तिको वास्तविक छाती छाम्न सक्दैनौं। एउटा भत्किएको घरसँग एउटा परिवारको सपना र भविष्य जोडिएको हुन्छ। एउटा पसलसँग कसैको जीवनभरको रगत-पसिना गाँसिएको हुन्छ। एउटा ऐतिहासिक बजारसँग पुस्तौंको सामाजिक सम्बन्ध र स्मृति गाँसिएको हुन्छ। त्यसैले यो विनाशलाई केवल भौतिक विनाशको दृष्टिले मात्र मापन गर्नु घोर अन्याय हुनेछ। देवीघाट, त्रिशूली र वेत्रावतीजस्ता ऐतिहासिक स्थलको महत्त्व भौतिक संरचनाभन्दा कैयौं गुणा उच्च छ। यी नदीकिनारमा हाम्रा पुर्खाका सभ्यता र संस्कृति हुर्किएका हुन्। व्यापार, धर्म, परम्परा र स्थानीय पहिचान यिनै बस्तीसँगै जीवन्त बनेका र बनिरहेका थिए। एउटा प्राचीन घर ढल्दा त्यससँगै एउटा परिवारको सिङ्गो इतिहास बग्छ, एउटा पुरानो बजार मेटिँदा समुदायको एउटा अमूल्य अध्याय समाप्त हुन्छ। त्यसैले यसलाई केवल भौतिक क्षतिको आँकडामा सीमित राख्नु भनेको हाम्रो इतिहास र संस्कृतिमाथि भएको गम्भीर बज्रपातलाई बिर्सनु हो।

वैज्ञानिक अध्ययनका प्रारम्भिक सङ्केत झनै भयावह छन्। तिब्बततर्फको हिमाली भेगमा विशाल हिमचट्टान वा हिमनदी भत्किनु, पानी र बरफको लेदोले नदी थुनिनु र त्यो अकस्मात् फुट्नाले भोटेकोशीमा असाधारण विनाशकारी बहाब सिर्जना भएको देखिन्छ। प्राविधिक अनुसन्धान जारी होला, तर सङ्केत प्रस्ट छ- यो सामान्य बर्खाको बाढी थिएन। हिमाली उच्च भूभागमा घटेको असामान्य प्राकृतिक हलचलले तल्लो तटीय क्षेत्रलाई क्षणभरमै प्रताडित बनाएको एउटा उदाहरण मात्र थियो। यस घटनाले जलवायु परिवर्तनको गम्भीर घन्टी पुनः हाम्रै ढोकामा ल्याएर बजाइदिएको छ। हिमालमा तापक्रम तीव्रगतिमा बढ्दै छ, हिमनदी पग्लिँदै छन् र हिमताल विस्फोटको सँघारमा पुग्दै छन्। बरफ र चट्टानबिचको प्राकृतिक सन्तुलन खल्बलिँदा हिमाली भूगोल दिनप्रतिदिन अस्थिर बन्दै छ। यद्यपि, भोटेकोशीको यो घटना जलवायु परिवर्तनकै प्रत्यक्ष परिणाम हो भनेर किटान गर्न थप अध्ययन चाहिएला, तर विश्वव्यापी उष्णताले हाम्रा हिमालहरूको सुरक्षा चक्र ध्वस्त पारिरहेको यथार्थलाई अब कसैले नकार्न सक्दैन। नेपालको सबैभन्दा ठुलो त्रासदी नै यही हो। पृथ्वीको तापक्रम बढाउन हाम्रो योगदान शून्यप्रायः छ, तर त्यसको घातक परिणाम भोग्न भने हामी अग्रपङ्क्तिमा उभिन बाध्य छौं। हिमाल हाम्रो गौरव र पहिचान हो, तर बदलिँदो जलवायुका कारण त्यही हिमाल आज ठुलो जोखिमको पुञ्ज बनिरहेको छ। त्यसैले जलवायु परिवर्तनसम्बन्धी हाम्रा बहस अब अन्तर्राष्ट्रिय मञ्चमा भाषण छाँट्ने विषय मात्र बन्नुहुँदैन।

त्रिशूली करिडोरको यो विनाशले अर्को प्रखर प्रश्न खडा गरेको छ- विकासका योजना बनाउँदा हामीले प्राकृतिक जोखिमलाई कति गम्भीरतापूर्वक लियौं ? नदीका प्राकृतिक बहाब क्षेत्र पछाडि पारेर बस्ती बसाइएका छन्, पहाडका छाती चिरेर जथाभावी सडक खनिएका छन्। संवेदनशील हिमाली नदीमा अर्बौंका जलविद्युत् आयोजना बनाइएका छन्। यी विकासका आवश्यकता होलान्, तर विकासको गतिसँगै प्रकृतिप्रतिको दायित्व र जोखिम मूल्याङ्कन खोइ ? अब पुनर्निर्माणको नाममा बगेका संरचना उही जोखिमयुक्त स्थानमा जस्ताको त्यस्तै ठड्याउने मूर्खता दोहोरिनुहुँदैन। जहाँ नदीले आफ्नो उग्र स्वरूप देखाइसकेको छ, त्यहाँ भूगर्भीय अध्ययन नगरी पुनः बस्ती बसाल्नु गम्भीर गल्ती हुनेछ। सडक, पुल, विद्यालय र अस्पताल पुनर्निर्माण गर्दा आगामी सम्भावित विपत्तिको हिसाब गरिनुपर्छ। जलविद्युत् आयोजना बनाउँदा हिमपहिरो, हिमताल विस्फोटन र गेग्रान बहाबको जोखिमलाई सुरुवातमै ध्यानमा राख्नैपर्छ। यो विपत्तिले पूर्वसूचना प्रणालीको महत्त्वलाई जीवन र मरणको रेखाका रूपमा स्थापित गरिदिएको छ। बट्टारमा समयमै सूचना पाएका कारण हामीले सयौं मानिसलाई सचेत गराउन सक्यौं। त्यो समय अत्यन्त छोटो थियो, तर त्यही केही मिनेटले धेरै मानिसलाई मृत्युको मुखबाट जोगिने अवसर दियो। विद्यालयका सयौं बालबालिकालाई सुरक्षित स्थानमा पुर्‍याउन सकिनुले प्रमाणित गर्छ- सटीक सूचना सही समयमा पुग्दा मानवीय क्षतिलाई ह्वात्तै घटाउन सकिन्छ। त्यसैले अब पूर्वसूचना प्रणालीलाई कर्मकाण्डी काम मात्र होइन, 'राष्ट्रिय सुरक्षा'को रणनीतिक अङ्ग बनाइनुपर्छ। हिमाली भूभागमा नदीको सतह, हिमताल र हिमनदीको सूक्ष्म निगरानी गर्न अत्याधुनिक प्रविधि जडान गरिनुपर्छ। विपत्ति आएपछि उद्धारका लागि हेलिकोप्टर पठाउनु मात्र सफलता होइन, विपत्ति आउनुअघि नै मानिसलाई सुरक्षित राखिनु वास्तविक सफलता हो। राहत र पुनर्स्थापनाको परम्परागत सोचमा पनि आमूल परिवर्तन आवश्यक छ। पीडितलाई चाउचाउ, त्रिपाल र थोरै नगद बाँडेर दायित्व पूरा हुँदैन। घर गुमाएकालाई सुरक्षित आवास, व्यवसाय गुमाएकालाई पुनः उठ्ने पुँजी, खेतबारी गुमाएकालाई कृषि पुनर्स्थापना र परिवार गुमाएकालाई गहिरो मनोसामाजिक परामर्श अनिवार्य छ। बालबालिकालाई कापी-कलम दिएर विद्यालय पठाउनु मात्र पुग्दैन, उहाँहरूको मानसपटलमा परेको मानसिक आघातलाई सम्बोधन गरिनुपर्छ। हाम्रो ऊर्जा क्षेत्रमा परेको असर झनै गम्भीर छ। भोटेकोशी-त्रिशूली करिडोर नेपालको ऊर्जा मेरुदण्ड हो। भविष्यमा जलविद्युत् आयोजनाको डिजाइन गर्दा बिजुलीको मेगावाटसँगै त्यसको 'विपत् प्रतिरोधी क्षमता'लाई लगानीको मुख्य शर्त बनाउनैपर्छ।

त्यस दिनको भयानक दृश्यले मेरो चेतनामा एउटा गहिरो सत्य अमिट गरी कोरिदिएको छ, 'हामीले कहिल्यै प्रकृतिलाई जितेको भ्रम पाल्नुहुँदैन।' हामीले यी प्राकृतिक नियमलाई शिरोधार्य गरेर मात्र विकासको यात्रा तय गर्नुपर्छ। त्यो दिन हामीसँग सोच्ने र योजना बनाउने समय थिएन। खबर पाउनासाथ हामी केवल मानिस बचाउन दौडियौं र केही मिनेटमै त्रिशूलीले आफ्नो विध्वंस लीला देखायो। आज फर्केर हेर्दा लाग्छ- त्यतिवेला हामीसँग मिनेटको समय थिएन होला, तर यो राष्ट्रसँग अझै समय छ। बाढीले बगाएका घरहरू फेरि ठड्याउन सकिएला, भत्किएका पुल र सडक पुनः बनाउन सकिएला, ध्वस्त जलविद्युत् आयोजना फेरि सञ्चालनमा आउलान्। तर, बाढीले बगाएर लगेका आत्मीय मानिसका सास कहिल्यै फर्किनेछैनन्। पुस्तौंको स्मृति र समुदायको पुरानो जीवन्त स्वरूप जस्ताको त्यस्तै कहिल्यै फर्किने छैन। त्यसैले आज हाम्रो जिम्मेवारी क्षतिको तथ्याङ्क सङ्कलनमा सीमित हुनुहुँदैन, भविष्यका सम्भावित महाविपत्तिबाट मानव जीवन जोगाउने हुनुपर्छ। त्यो दिन त्रिशूली नदी एकाएक अपरिचित बनेको थियो। तर, आज समीक्षा गर्दा लाग्छ- नदी मात्र अपरिचित भएको थिएन, हामी आफैं पनि प्रकृति र भूगोलप्रति कति बेखबर रहेछौं भन्ने भयावह सत्य छर्लङ्ग भएको थियो। त्यो बाढी केवल एउटा प्राकृतिक विपत्ति मात्र थिएन, त्यो मानव जातिको मिचाहा प्रवृत्तिमाथि प्रकृतिको गम्भीर चेतावनी थियो। अब हाम्रा विकासका पुराना अवधारणा र सोच पनि समयानुकूल बदलिनैपर्छ। हिमाल पग्लिएर तटीय क्षेत्र सोहोरिएपछि मात्र जलवायु परिवर्तनको रोदन रुने होइन, मैले आफ्नै आँखाले भोगेको छु- बाढी आउन घण्टौं लाग्दैन, कहिलेकाहीं केही मिनेट नै काफी हुन्छ। तर, त्यसले दिएको गहिरो घाउ र आघात निको हुन पुस्तौं-पुस्तौं लाग्न सक्छ। ***(लेखक नुवाकोट आदर्श बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष हुनुहुन्छ।)***

# वृद्ध दम्पतीको लुटियो सुन, अभियुक्तको पहिचान

❑ लक्ष्मी तामाङ

**बट्टार ।** यहाँको एक वृद्ध दम्पतीको शरीरमा लगाइएको सुन लुटिएको छ। विदुर- ४ बट्टार, पुरानो पाटीनिवासी बाबुराम अधिकारीको घाँटीमा लगाइएको सिक्री र पत्नी कृष्णकुमारीको कानमा लगाइएको मुन्द्री दुई केटाहरूले आइतबार बिहान खोसेर भागेका थिए । आफूहरू बिहानको खाना खाएर आराम गरिरहेको अवस्थामा अरू कोही नभएका वेला लुटिएको समाजसेवी अधिकारीले बताउनुभयो ।



वृद्धा कृष्णकुमारीको कानमा लगाइएको मुन्द्री मासुसमेत छिनालेर लगिएको जनाइएको छ । घटनाबारे जिल्ला प्रहरी कार्यालयलाई जानकारी गराइसकिएको र सिसिटिभीबाट अभियुक्तको पहिचान भइसकेको पीडित बाबुरामले बताउनुभयो । अभियुक्तद्वय मङ्गोल अनुहारको भएको प्रत्यक्षदर्शीले जनाएका छन् ।

पुर्ख्यौली घर नुवाकोट, तारकेश्वर, कल्लेरीडाँडाका पीडित अधिकारीले नेपाल सरकारको परराष्ट्र मन्त्रालयअन्तर्गत नेपाल, तत्कालीन सोभियत सङ्घ, अस्ट्रेलिया र संयुक्त राज्य अमेरिकामा वि.सं. २०२४ देखि २०३५ सम्म सेवा गर्नुभएको थियो । नायब सुब्बाबाट अवकाशप्राप्त अधिकारीले नुवाकोट जिल्लामा अनाथ बालबालिकालाई छात्रवृत्ति र वृद्धवृद्धालाई वस्त्र आदि सहयोग गर्दै आउनुभएको छ । घाइते कृष्णाकुमारीको चिकित्सक बोलाएर उपचार गराइएको छ ।

## औषधि व्यवसायीलाई नगद राहत



**बट्टार ।** रसुवा जिल्लाको भोटेकोशी हुँदै त्रिशूली नदीमा भदौ १० गतेको बाढी प्रभावित औषधि व्यवसायीलाई नेपाली औषधि व्यवसायी सङ्घ, काठमाडौँ र नुवाकोट शाखाले मंगलबार नगद सहयोग गरेका छन् ।

विदुर नगरपालिकासँग अनुमति लिएर जिल्ला शाखाले बाढी प्रभावित ६ औषधि व्यवसायीलाई रु. ५५ हजार प्रदान गरेको जानकारी अध्यक्ष टलकमान श्रेष्ठले दिनुभयो ।

काठमाडौँ शाखाले रु. ५० हजार र नुवाकोट शाखाले रु. पाँच हजार गरी रु. ५५ हजार सङ्घको कार्यालय बट्टार, हावाघरमा विदुर- ४ का वडाध्यक्ष निलमबाबु ढुङ्गेलले प्रदान गर्नुभएको थियो ।

सङ्घका नुवाकोट उपाध्यक्ष प्रेमकुमार सापकोटाले समीर फर्मा त्रिशूली रविदास श्रेष्ठ, इरिका फार्मेसी त्रिशूली किरण प्याकुरेल, मीनु फार्मेसी ढुङ्गे प्रतिमा गोले, एलट फर्मा देवीघाट रामचन्द्र खड्का, पूर्णिमा मेडिकल देवीघाट नवीन केसी, सुन्दरा मेडिकल वेत्रावती रवीन्द्र ठकुरीको बाढीबाट पूर्ण रूपमा क्षति पुगेको जानकारी दिनुभयो ।

## रसुवा-नुवाकोट पर्यटन समाज विपत् प्रभावित क्षेत्रमा

**धुन्चे ।** रसुवा-नुवाकोट पर्यटन समाज त्रिशूली बाढीबाट प्रभावित रसुवाका विभिन्न क्षेत्रमा पुगेर खोज, उद्धार, राहत वितरणमा सहभागी भइरहेको छ । समाजले स्नेह केयर नेपाल, माउन्टेन हर्ट नेपाललगायत विभिन्न सङ्घसंस्थासँगको सहकार्यमा विपत् प्रभावित क्षेत्रमा खाद्यान्न, औषधि तथा अन्य अत्यावश्यक सामग्री वितरण गरिरहेको छ ।

समाजका अध्यक्ष बलराम न्यौपानेले दिएको जानकारीअनुसार पछिल्लो पाँच दिनदेखि विद्युत् सेवा अवरुद्ध रहेको अवस्थामा सञ्चार सम्पर्क सहज बनाउन रसुवास्थित कालिकास्थान र उत्तरगया गाउँपालिकाका विभिन्न वडामा घुम्ती जेनेरेटर सेवामार्फत मोबाइल चार्ज गर्ने सुविधा सञ्चालन गरिएको छ । सो सेवाबाट हालसम्म करिब सात सय घरधुरी निरन्तर लाभान्वित भइरहेका छन् । विपत्तिमा परी बेपत्ता तथा हराइरहेका व्यक्तिको खोज तथा उद्धारका लागि समाजले सम्बन्धित सरकारी निकायसँग आवश्यक समन्वय र पहल गरिरहेको समाजका प्रतिनिधि गगन न्यौपानेले बताउनुभयो । विपत्को यस कठिन घडीमा प्रभावित समुदायको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि समाज निरन्तर सहयोग र सहकार्यमा जुटिरहने प्रतिबद्धतासमेत व्यक्त गरेको छ ।




## तेस्रो आँखा

*भोटेकोशी-त्रिशूली नदीको विनाशकारी बाढीको ताण्डवनृत्यका बिच केही जनप्रतिनिधिले भने राहतका नाममा आफूले बुझेको इमर्जेन्सी टर्च लाइट, पावर बैंक वितरण गर्नुपर्नेमा केही वितरण गरेर अरु आफ्ना इष्टमित्र, साथीभाइ र आफैँले प्रयोग गरेको चाइन्जो तिनआँखेले देखेसि कुरीकुरी लागेर आयो । राहतका लागि बाँड्नुपर्ने मोबाइल चार्जिङ जनप्रतिनिधिले सदरमुकाममा पो प्रयोग गरिरहेको देखिन थालेसि सहयोग गर्नेको मन कति चाइन्जो कुँडियो होला ।*







साक्षर समाज-सक्षम राष्ट्र

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न, लेख्न जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो।

शिक्षा :
❑ आत्मनिर्भर बन्नका लागि,
❑ रोजगारी र अवसरका लागि,
❑ लैङ्गिक, जातीय र क्षेत्रीय समानताका लागि,
❑ धार्मिक सहिष्णुता र सम्मानका लागि,
❑ अधिकार र कर्तव्यबोधका लागि,
❑ स्वास्थ्यसम्बन्धी सचेतनाका लागि,
❑ आर्थिक सशक्तीकरणका लागि,
❑ सामाजिक विकास र समृद्ध राष्ट्रका लागि।

नेपाल सरकार
विज्ञापन बोर्ड

